# बुढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

## स्थानीय राजपत्र

प्रकाशित मिति : २०८३।०५।२४

**प्रस्तावना :** शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्नका लागि यस नगरपालिकाभित्र सञ्चालनमा रहेका र भविष्यमा स्थापना हुने विद्यालयहरूको सञ्चालन र व्यवस्थापनमा एकरूपता ल्याउँदै शिक्षामा सुधार, विकास, उन्नयन र रूपान्तरणका माध्यमबाट गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को व्यवस्था कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले प्रदान गरेको अधिकार प्रयोग गरी बुढानीलकण्ठ नगरपालिकाको १७ औं नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बुढानीलकण्ठ नगरपालिका**को** विद्यालय शिक्षा ऐन, २०८२" रहेको छ।

(२) यो ऐन बुढानीलकण्ठ नगरपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ख**) "उपप्रमुख"** भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(ग) **"ऐन"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको विद्यालय शिक्षा ऐन, २०८२ सम्झनुपर्छ।

(घ) **"कार्यपालिका"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(ङ) **"कोष"** भन्नाले दफा ८६ बमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोष सम्झनुपर्छ।

(च) **"खुला विद्यालय"** भन्नाले लचिलो शैक्षिक संरचना र कार्यक्रम अवलम्बन गरी सञ्चालनमा रहेका विद्यालयहरू सम्झनुपर्छ।

(छ) **"छात्रवृत्ति"** भन्नाले परिच्छेद–१० मा उल्लेख भएबमोजिम विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्छ।

(ज) **"धार्मिक विद्यालय"** भन्नाले परम्परागत रूपमा चलिआएका गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरू सम्झनुपर्छ।

(झ) **"नगरपालिका"** भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ।

(ञ) **"नगर शिक्षा अधिकारी"** भन्नाले नगरपालिकाको शिक्षा महाशाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ।

(ट) **"निजी लगानीका विद्यालय"** भन्नाले निजी लगानीमा स्थापना वा सञ्चालन भएको विद्यालय सम्झनुपर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको निजी लगानीका विद्यालयलाई समेत जनाउँछ।

(ठ) **"परीक्षा समिति"** भन्नाले दफा ३५ बमोजिम गठन हुने परीक्षा सञ्चालन तथा समन्वय समिति सम्झनुपर्छ।

(ड) **"पाठ्यक्रम विकास केन्द्र"** भन्नाले संघीय ऐनबमोजिम पाठ्यक्रम निर्माणका लागि जिम्मेवार निकाय सम्झनुपर्छ।

(ढ) **"प्रधानाध्यापक"** भन्नाले दफा ५० बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ।

(ण) **"प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(त) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(थ) **"प्रारम्भिक बाल शिक्षा केन्द्र"** भन्नाले पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाका लागि दफा ३८ बमोजिम शिक्षा, स्वास्थ्य, पोषण तथा हेरचाह लगायतका सुविधा एकीकृत गरिएका नर्सरी, मन्टेश्वरी, केजी तथा बाल शिक्षा केन्द्र सम्झनुपर्छ।

(द) **"बौद्धिक सम्पत्ति"** भन्नाले मानवीय प्रयत्नबाट हुने रचना, सिर्जना वा आविष्कारसँग सम्बन्धित कानूनी अधिकारनिःसृत अमूर्त सम्पत्ति सम्झनुपर्छ।

(ध) **"मन्त्रालय"** भन्नाले संघ वा प्रदेशको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(न) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ।

(प) **"रमाइलो शुक्रबार"** भन्नाले विद्यार्थीको सर्वाङ्गीण विकासका लागि निर्माण गरिएको रचनात्मक शैक्षिक कार्यक्रम सम्झनुपर्छ।

(फ) **"विद्यालय शिक्षा"** भन्नाले बाल शिक्षादेखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ब) **"व्यवस्थापन समिति"** भन्नाले दफा २६ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

(भ) **"शिक्षक किताबखाना"** भन्नाले संघीय शिक्षा कानूनबमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनुपर्छ।

(म) **"शिक्षक बैंक"** भन्नाले शिक्षक बैंक सञ्चालन कार्यविधि, २०८० बमोजिम स्थापित शिक्षक बैंक सम्झनुपर्छ।

(य) **"शिक्षक सेवा आयोग"** भन्नाले संघीय कानूनबमोजिम गठन भएको शिक्षकहरूको नियुक्ति तथा सिफारिस गर्ने आयोग सम्झनुपर्छ।

(र) **"शिक्षा अधिकृत"** भन्नाले शिक्षा महाशाखामा कार्यरत शिक्षा सेवाको अधिकृत कर्मचारी सम्झनुपर्छ।

(ल) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्न कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ।

(व) **"शैक्षिक सत्र"** भन्नाले विद्यालयमा अध्ययन–अध्यापन गराइने वार्षिक अवधि (वैशाखदेखि चैत महिनासम्म) सम्झनुपर्छ।

(श) **"शिक्षा महाशाखा"** भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग, महाशाखा वा इकाइ सम्झनुपर्छ।

(ष) **"शिक्षा समिति"** भन्नाले दफा २४ बमोजिमको नगर शिक्षा समिति सम्झनुपर्छ।

(स) **"समुदायद्वारा सञ्चालित विद्यालय"** भन्नाले दफा ५ बमोजिम स्वीकृति प्राप्त गरी स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनुपर्छ।

(ह) **"संघीय शिक्षा ऐन"** भन्नाले संघीय संसदले बनाएको शिक्षा सम्बन्धी प्रचलित कानून सम्झनुपर्छ।

(क्ष) **"साझेदारी"** भन्नाले सामुदायिक विद्यालय र निजी विद्यालयबीच शैक्षिक उन्नयन र रूपान्तरणका लागि गरिएको साझेदारी सम्झनुपर्छ।

(त्र) **"सामुदायिक सिकाइ केन्द्र"** भन्नाले समुदायस्तरमा सञ्चालन गरिने निरन्तर सिकाइ, अध्ययन, अनुसन्धान र सीप सिकाइ लगायतका कार्य गर्न स्थापना गरिएको शैक्षिक संस्था सम्झनुपर्छ।

(ज्ञ) **"सार्वजनिक विद्यालय"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी वा अनुदानमा सञ्चालित विद्यालय सम्झनुपर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयको रूपमा सञ्चालित विद्यालयलाई समेत जनाउँछ।

## परिच्छेद–२

## विद्यालय स्थापना, सञ्चालन र स्थानान्तरणसम्बन्धी व्यवस्था

**३. विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनुपर्नेः (१)** कुनै व्यक्ति, समूह वा संस्थाले विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस सहित शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै अनुसूची १ बमोजिमको ढाँचामा शिक्षा महाशाखामा निवेदन दिनुपर्नेछ। निवेदनमा अनुमति माग गरिएको विद्यालय धार्मिक, सामुदायिक, गुठी वा निजी लगानी मध्ये कुन हो, स्पष्ट खुलाउनु पर्नेछ।

तर सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी वा करारमा कार्यरत शिक्षकले आफ्नो संलग्नतामा कुनै प्रकारको निजी विद्यालय खोल्ने गरी निवेदन पेश गर्न पाउने छैन।

**४. विद्यालय खोल्नको लागि पूरा गर्नुपर्ने पूर्वाधारः** विद्यालय खोल्नको लागि अनुसूची २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनुपर्नेछ।

**५. विद्यालय खोल्न अनुमति दिनेः** (१) दफा ३ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि परेको निवेदन उपर नगर शिक्षा अधिकारीले स्थलगत जाँचबुझ गर्नेछ वा अधिकृत प्रतिनिधि खटाई जाचबुझ गर्न लगाउने छ। जाँचबुझ तथा अनुगमनबाट प्रस्तावित विद्यालयको लागि दफा ४ बमोजिमको पूर्वाधार पूरा गरेको देखिएमा आधारभूत विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा तीन महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम शिक्षा समितिको वैठकबाट अनुमति दिने गरी सिफारिस भएमा कार्यपालिका बैठकमा पठाउनुपर्नेछ। प्राप्त सिफारिसलाई कार्यपालिको बैठकले स्विकृत गरेमा नगर शिक्षा अधिकारीले अनुसूची ३ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्नेछ। कार्यपालिकाले गरेको विद्यालय अनुमतिको निर्णयलाई नगरसभामा अनुमोदनका लागि पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) अनुसार अनुमति प्रदान गर्दा आधारभूत विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा ३० दिन अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा दुई महिना अगावै अनुमति प्रदान गर्नुपर्नेछ।

(४) अन्य नगरपालिकामा स्थापना भई सञ्चालन भएका विद्यालयले यस नगरपालिकामा स्थानान्तरण गरिदिन निवेदन पेश गर्दा तोकिए बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ। तर यस नगरपालिका भित्रको एउटा वडाबाट अर्को वडामा स्थानान्तरण भई सञ्चालन हुन चाहने विद्यालयले वडाको सिफारिस सहित नगरपालिकाको शिक्षा महाशाखामा निवेदन पेश गर्नुपर्नेछ। सो निवेदन उपर महाशाखाले अध्ययन र अनुगमन गरी तोकिए बमोजिम अनुमति प्रदान गर्नेछ।

(५) उपदफा (२) बमोजिम शिक्षा समितिले विद्यालय खोल्ने अनुमतिको सिफारिस गर्ने निर्णय गर्दा विद्यालय नक्साङ्कन, विद्यालय सेवा क्षेत्र निर्धारण, बालजन्मदर र जनघनत्व लगायतका मापदण्डका आधारमा तोकिए बमोजिम गर्नुपर्नेछ।

(६) यस ऐन विपरित विद्यालय अनुमति दिएको वा प्राप्त गरेको पाइएमा नगर कार्यपालिकाले छानविन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्नेछ र त्यस्तो अनुमति प्रदान गर्न सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

**६. विद्यालयले पालना गर्नुपर्ने शर्त तथा बन्देजः** विद्यालयले पालना गर्नुपर्ने शर्त तथा बन्देजहरू तोकिए बमोजिम हुनेछन्।

**७. विद्यालय खोल्न स्वीकृति प्रदान गर्नेः (१)** दफा ५ को उपदफा (३) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले स्वीकृतिको लागि अनुसूची–४ बमोजिमको ढाँचामा शिक्षा महाशाखा समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा महाशाखा मार्फत त्यस्तो विद्यालयको जाँचबुझ गरी वा गराइ त्यसको प्रतिवेदन पेश गर्न लगाउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि दफा ६ बमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा शिक्षा समितिको निर्णयको आधारमा अनुसूची–५ बमोजिमको ढाँचामा नगर कार्यपालिकाले स्वीकृत प्रदान गर्नेछ। उक्त निर्णय अनुमोदनका लागि नगर सभा समक्ष पेश गर्नुपर्नेछ।

**८. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्थाः (**१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**९. मुनाफा नलिने गरी विद्यालय सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) संघीय शिक्षा ऐन बमोजिम सार्वजनिक शैक्षिक गुठी, गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो विद्यालयको अनुमति, स्वीकृति र कक्षा थप सम्बन्धी व्यवस्था दफा ३, ५, ७ र २० मा उल्लेख भए बमोजिम हुनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम विद्यालय सञ्चालन गर्न पूरा गर्नुपर्ने पूर्वाधार अनुसूची–६ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) सार्वजनिक शैक्षिक गुठी, गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा

कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१०. कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्थाः (१)** कम्पनी अन्तर्गत सञ्चालन भएको कुनै विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न अनुसूची–७ बमोजिमको ढाँचामा शिक्षा महाशाखा समक्ष निवेदन दिनुपर्नेछ। कम्पनी अन्तर्गत सञ्चालनमा रहेका विद्यालयहरूलाई गुठीमा परिवर्तन गर्ने व्यवस्था संघीय शिक्षा ऐन बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नगर शिक्षा अधिकारी आफैले वा निजले तोकेको शिक्षा अधिकृतबाट त्यस्तो विद्यालयको जाँचबुझ गराइ प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन र निवेदनसाथ प्राप्त कागजात जाँचबुझ गर्दा विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न मनासिब देखिएमा नगर शिक्षा समितिले निर्णयका लागि कार्यपालिकामा सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त सिफारिस जाँचबुझ गर्दा उपयुक्त देखिएमा नगर कार्यपालिकाले त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न अनुसूची (८) बमोजिमको ढाँचामा अनुमति दिइनेछ।

**११.** नेपाल सरकारको पूर्व स्वीकृत लिई विदेशी शिक्षण संस्थासँगको सम्बन्धनमा विद्यालय खोल्ने अनुमति वा स्वीकृति प्रदान गर्न सकिने छ।

**१२. यस अघि दर्ता भएका विद्यालय सम्बन्धी व्यवस्थाः** (१) माथि जेसुकै उल्लेख भए पनि यस अघि दर्ता र सञ्चालनमा रहेका विद्यालयहरू यसै ऐन बमोजिम सञ्चालन भएका मानिने छन्। तर यस अघि सञ्चालनमा रहेका विद्यालय सम्बन्धी विवरण र कागजपत्र शिक्षा महाशाखामा पेश गर्नुपर्नेछ।

**१३. धरौटी राख्नुपर्नेः** (१) निजी लगानीका विद्यालय खोल्ने अनुमति दिदा विद्यालय सञ्चालनको सुरक्षण बापत लिने रकम तोकिएबमोजिम हुनेछ।

(२) बिशेष आवश्यकता भएका विद्यार्थीका लागि विद्यालय खोल्दा कार्यापालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम धरौटी छुट दिन सकिनेछ।

**१४. धरौटी रकम जम्मा गरिनेः** विद्यालयले दफा १३ बमोजिमको धरौटी बापतको रकम नगर कार्यपालिकाले तोके बमोजिमको बैंकमा जम्मा गर्नुपर्नेछ।

**१५.** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयको अनुमतिको लागि संघीय शिक्षा मन्त्रालयले जारी गरेको कार्यविधि अनुसार हुने।

**१६. विद्यालय गाभ्न सकिनेः** (१) देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी सञ्चालन गर्न सकिनेछः

(क) अनुसूची–२ बमोजिमको पूर्वाधार कायम नरहेको,

(ख) अधिकांश कक्षामा २२ जना भन्दा कम विद्यार्थी संख्या भएको,

(ग) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको वा विद्यालय बीचको दूरी २०० मिटर भन्दा कम रहेको,

(घ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएमा।

(२) उपदफा (१) बमोजिमको आधारमा विद्यालयहरू गाभ्ने निर्णय गर्दा नगर कार्यपालिकाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीको व्यवस्थापनको विषयमा समेत निर्णय गर्नुपर्नेछ।

(३) यस ऐनमा उल्लेखित विद्यालय गाभ्ने सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले नगर शिक्षा समितिको सिफारिसमा समुदाय निजी साझेदारी समेतका कार्यक्रम तोकिए बमोजिम सञ्चालन गरिनेछ। आपसमा गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा तोकिए बमोजिम सामुदायिक प्रयोजनका लागि सामुदायिक सिकाइ केन्द्र, पुस्तकालय, म्युजियम, संवाद स्थल, सीप विकास केन्द्रको सञ्चालन गर्न सकिनेछ।

**१७. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापनः** (१) दफा १६ बमोजिम विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नुपर्नेछ।

**१८. विद्यालयको तह वा कक्षा घटाउन सकिनेः** कुनै विद्यालयको सम्बन्धमा दफा १६ को अवस्था विद्यमान रहेको भए तापनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा शिक्षा महाशाखाको सिफारिसमा कार्यपालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ।

**१९. विद्यालयको कक्षा थप गर्न सकिनेः (**१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै शिक्षा महाशाखामा निवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगरपालिकाले थप गर्नुपर्ने कक्षाको लागि दफा ४ बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा नगर शिक्षा महाशाखाले आवश्यक जाँचबुझ गर्नेछ। शिक्षा महाशाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा आवश्यक निर्णयको लागि नगर शिक्षा समितिको सिफारिस सहित नगर कार्यपालिकामा पेश गर्ने छ। कार्यपालिकाले शैक्षिकसत्र सुरु हुनु अगावै कक्षा थप गर्न अनुमति प्रदान गर्न सक्नेछ।

## परिच्छेद–३

## नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा अधिकारी तथा शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार

**२०. नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकारः** (१) यस दफामा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकालाई शैक्षिक पर्यटनको गन्तव्य बनाउनका लागि आवश्यक शैक्षिक कानून, योजना, नीति तथा कार्यबिधिको मस्यौदा निर्माण गरी पारित गर्न नगर सभामा पेस गर्ने।

(ख) नगरपालिकाले निर्माण गरेका शैक्षिक कानून, योजना, नीति तथा कार्यबिधिको कार्यान्वयन गर्न शिक्षा

समिति, प्रमुख प्रशासकीय अधिकृत तथा नगर शिक्षा अधिकारीलाई आवश्यक निर्देशन दिने,

(ग) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकताअनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

(घ) विद्यालयको सुचारु र प्रभावकारी सञ्चालन, शिक्षक विद्यार्थी अनुपात, गुणस्तर वृद्धि, शिक्षक पेसागत क्षमता विकास र आचार संहिता पालना जस्ता सिद्धान्त अबलम्बन गरी शिक्षक सरुवा तथा व्यवस्थापनको मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने,

(ङ) प्रदेश तथा संघको कानुन बमोजिम कार्यान्वयन गर्नुपर्ने शिक्षासम्बन्धी बिषयहरूका कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने,

(च) विद्यालयलाई आर्थिक रुपमा सबलीकृत बनाउन विद्यालयको आन्तरिक आम्दानी वृद्धि गर्न, विद्यालयमा उपलव्ध स्रोतसाधनको नतिजामूलक र पारदर्शी खर्च प्रणालीको निर्माण गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने,

(छ) शिक्षालाई सीपसँग, सीपलाई उद्यमशीलतासँग र उद्यमशीलतालाई रोजगार र रोजगारीलाई नगरको समृद्धिसँग जोड्न शिक्षालाई व्यवहारिक, उद्यमशिल र रोजगारउन्मुख बनाउन आवश्यक नीति र कार्यक्रम निर्माण गरी सम्बद्ध क्षेत्रसँगको सहकार्य र साझेदारीमा कार्यान्वयन गर्ने,

(ज) यस ऐनको परिधि भित्र रही आवश्यक देखिएका कार्यविधि तथा मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने,

(झ) प्रत्येक ३/३ महिनामा नगरपालिका क्षेत्रमा सञ्चालित विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरूको

नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गरी गराइ प्रगति विवरण सार्बजिनक गर्ने र शैक्षिक सुधार, विकास र उन्नयनका लागि सम्बद्ध संस्था र पदाधिकारीको कार्यसम्पादनको अर्धवार्षिक रुपमा स्तरीकरण गरी प्रोत्साहन तथा पृष्ठपोषण प्रदान गर्ने।

(२) उपदफा (१) मा जेसुकै व्यवस्था भएतापनि निजी लगानीका विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नुपर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सीमान्तकृत वर्गका छात्रछात्राका लागि तोकिए बमोजिम प्रदान गरिने छात्रबृत्तिको आधार र प्रतिशत, शिक्षक तथा कर्मचारिहरूको सेवा, शर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा निजी लगानीका विद्यालय हरूको छाता संघ संगठनसँग सहकार्य तथा साझेदारी गर्न सकिने छ।

**२१. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न नगरपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने गराउने,

(ख) प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) शिक्षा सम्बन्धी निर्णयका लागि आवश्यक प्रस्ताव नगर कार्यपालिकामा पेश गर्ने,

(घ) नगरको शैक्षिक उपलब्धि अभिवृद्धिका लागि नगर शिक्षा अधिकारीसँग कार्यसम्पादन करार गरी सोको कार्यान्वयन गर्ने गराउने,

(ङ) विद्यालयहरूको लेखापरीक्षणको व्यवस्था मिलाउने,

(च) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी अन्य कार्य गर्ने।

**२२. नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) नगर शिक्षा समिति, सामाजिक विकास समिति र नगर कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) शिक्षा सम्बन्धी कुनै प्रस्ताव नगर कार्यपालिकामा पेश गर्नुपर्ने भए प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्ने,

(ग) शिक्षा सम्बन्धी नगरस्तरीय योजना वनाई नगर शिक्षा समिति, सामाजिक विकास समिति र नगर कार्यपालिकाबाट स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

(घ) स्थानीय तहको शिक्षाको अवस्था र प्रगति समेटिएको शिक्षा सम्बन्धी शैक्षिक स्थितिपत्र तयार गरी प्रत्येक वर्षको चैत्र मसान्त भित्र प्रकाशित गर्ने,

(ङ) स्वीकृत अनौपचारिक शिक्षा, विशेष आवश्यकता भएका व्यक्तिका लागि, अनिवार्य तथा निः शुल्क आधारझूत शिक्षा, रमाइलो शुक्रबार र विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख प्रतिवेदन तयार गर्ने,

(च) विद्यार्थी संख्या घट्न गएका सामुदायिक तथा निजी लगानीका विद्यालयलाई गाभेर सञ्चालन गर्ने तथा शिक्षक विद्यार्थी अनुपात तोकिए बमोजिम नभएका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को सामुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(छ) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको र प्रधानाध्यापक कार्यसम्पादन करार बमोजिम कार्य सम्पादन प्रगति हासिल भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(ज) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको सञ्चालन गर्ने,

(झ) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा सञ्चालन समितिको सदस्य सचिव भइ कार्य गर्ने,

(ञ) विद्यालयको कक्षा ८ अर्थात आधारभूत तहको अन्तिम परीक्षाको नतिजाको अभिलेख, प्रश्नपत्र र परीक्षाको विश्लेषण, विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने,

(ट) नगरपालिका भित्र रहेका कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा शैक्षिक गुठी अन्तर्गत दर्ता भएका निजी लगानीका विद्यालयहरूको शैक्षिक कार्य योजनाको कार्यान्वयनको अनुगमन मूल्यांकन गरी समन्वय र अनुगमन गरी शैक्षिक सुधारका लागि सुझाव प्रस्तुत गर्ने।

(ठ) यस ऐन बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नुपर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा विद्यालय बन्द गर्नुपर्ने भएमा तत् सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने,

(ड) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निः शुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

(ढ) नगरको शिक्षाको गुणस्तर वृद्धिका लागि अत्याआवश्यक कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि नगर शिक्षा समितिमा पेश गर्ने,

(ण) नगर शिक्षा अधिकारीको अन्य कार्य तोकिए बमोजिम हुनेछ।

**२३. शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) ऐन तथा यस दफामा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त नगर शिक्षा अधिकारीको मातहत र प्रत्यक्ष निर्देशनमा रही शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकेबमोजिम हुनेछ।

## परिच्छेद–४

## नगर शिक्षा समितिको गठन विधि, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

**२४. नगर शिक्षा समितिको संरचना तथा कार्यसञ्चालन विधिः** (१) नगरपालिकामा देहाय बमोजिमको एक नगर शिक्षा समिति रहनेछः

(क) नगर प्रमुख –संयोजक

(ख) नगर उपप्रमुख –सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक – पदेन सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत – पदेन सदस्य

(ङ) नगर कार्यपालिकावाट मनोनित १ जना दलित महिला सहित २ जना सदस्यहरू –सदस्य

(च) विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष मध्येबाट नगर प्रमुखले मनोनित गरेका एक जना –सदस्य

(छ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरू मध्येवाट नगर प्रमुखले मनोनयन गरेको एक जना –सदस्य

(ज) शैक्षिक गुठी विद्यालयका प्रधानाध्यापकहरू मध्येवाट नगर प्रमुखले मनोनीत गरेको एक १ जना (सदस्य

(झ) निजी लगानीका विद्यालय (पूर्व प्राथमिक विद्यालय समेत) का प्रधानाध्यापकहरू मध्येवाट नगर प्रमुखले मनोनीत गरेको एक २ जना –सदस्य

(ञ) नगर स्तरका अभिभावक संघ संगठनबाट नगर प्रमुखले मनोनीत गरेको एक जना –सदस्य

(ट) शिक्षा क्षेत्रमा विशेष योगदान दिएका शिक्षाविद् मध्ये नगर प्रमुखले मनोनयन गरेका एक जना –सदस्य

(ठ) सामुदायिक विद्यालयका शिक्षक महासंघबाट समितिले मनोनयन गरेको एक जना – सदस्य

(ड) अपांगता भएका विद्यार्थीका अभिभावकहरू मध्येबाट नगर प्रमुखले मनोनित गरेको एक जना – सदस्य

(ढ) नगर स्तरमा सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी मध्ये उच्च कक्षामा अध्ययनरत विद्यार्थी मध्येबाट नगर प्रमुखले मनोनित गरेको छात्रा एक जना – सदस्य

(ण) नगर शिक्षा अधिकारी –सदस्य सचिव (२ ) नगर शिक्षा समितिका मनोनित सदस्यको पदावधि २ वर्ष रहनेछ।

(३ ) शिक्षा समितिको वैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक वस्नुपर्नेछ।

(४) वैठक सञ्चालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थीति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ।

**२५. शिक्षा समितिको काम, कर्तव्य र अधिकारः** यस दफामा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकालाई शैक्षिक पर्यटनको गन्तव्य स्थलका रुपमा विकास गर्न शिक्षा क्षेत्रको सामयिक सुधार, विकास र उन्नयनको नीति, योजना तथा कार्यक्रमको मस्यौदा तयार गरी स्वीकृतिको लागी नगर कार्यपालिकामा सिफारिस गर्ने,

(ख) नगरपालिकामा स्वस्थ, स्वच्छ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा महाशाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकार/प्रदेश सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा खुला शिक्षा तथा अन्य वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक रुपमा आत्मनिर्भर बनाऊन आवश्यक कार्यक्रम निर्माण गर्ने, शिक्षा क्षेत्रमा विनियोजित बजेट तथा कार्यक्रम बैज्ञानिक मापदण्डका आधारमा वितरण गर्ने,

(ङ) शैक्षिक गुठी वा निजी लगानीका विद्यालयको शुल्क र विद्यालय वर्गीकरणसम्बन्धी मापदण्ड बनाउने, विद्यालयको प्रस्तावित शुल्कमा छलफल गरी निर्धारण गर्ने र अनुमोदन गर्ने,

(च) सामुदायिक र निजी विद्यालयबीच साझेदारी र सहकार्य गराइ शैक्षिक गुणस्तरमा एकरुपता कायम गर्न आवश्यक कार्यक्रम तर्जुमा गर्ने।

(छ) नगर क्षेत्र भित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्यांक संकलन गरी उनीहरूका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने .

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने गराउने।

## परिच्छेद–५

## विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**२६. विद्यालय व्यवस्थापन समिति रहनेः** (१) यस ऐन अन्तरगत व्यवस्था भएको समितिहरूको अधिकार क्षेत्रवाहेक विद्यालय सञ्चालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ। सोको गठन गर्दा विद्यालयले शिक्षा महाशाखाको प्रतिनिधिको उपस्थितिमा बृहत् अभिभावक भेला आयोजना गरी सर्वसम्मत रूपमा वा निर्बाचनद्वारा देहायबमोजिमको समिति गठन हुनेछ।

(क) विद्यालयका अभिभावकले आफू मध्येबाट छानी पठाएको दुई जना महिला सहित चारजना – सदस्य

(ख) विद्यालय रहेका सम्बन्धीत वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरूमध्येबाट सो वडा समितिले मनोनयन गरेको व्यक्ति एक जना –सदस्य

(ग) सम्बन्धीत विद्यालयको शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना –सदस्य

(घ) विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले दफा (१) को खण्ड क र ख बमोजिमका सदस्यहरू मध्येबाट छनौट भएको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(३) सम्बन्धीत शिक्षा अधिकृत, स्रोतव्यक्ति, अभिभावक संघका अध्यक्ष, बालक्लबको अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यबेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ।

(४) शैक्षिक गुठी वा निजी लगानीका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) विद्यालयका संस्थापक, गुठीयार वा लगानीकर्ताहरू मध्येबाट विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले मनानित गरेको व्यक्ति –अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको २ जना –सदस्य

(ग) विद्यालय रहेको सम्बन्धीत वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरूमध्येबाट सो वडा समितिले तोकी पठाएको व्यक्ति –सदस्य

(घ) नगर शिक्षा महाशाखामा कार्यरत शिक्षा अधिकृत –सदस्य

(ङ) सम्बन्धीत विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना –सदस्य

च. विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

(५) नगर शिक्षा अधिकारी र स्रोतव्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकम पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ।

(६) अपांगता भएका विद्यार्थीका अभिभावकहरू मध्येबाट कम्तीमा एक जनालाई अनिवार्य रूपमा बैठकमा आमन्त्रण गर्नुपर्नेछ ।

(७) विद्यालयको उच्चतम् कक्षामा अध्ययनरत विद्यार्थीहरु मध्ये विद्यालय व्यवस्थापन समितिले छात्रा १ जना र छात्र १ जना गरी दुई जना विद्यार्थीलाई अनिवार्य रुपमा बैठकमा आमन्त्रण गर्नुपर्ने छ

(८) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरस्तरका उद्योग तथा बाणिज्य महासंघको दुई जना प्रतिनिधि सदस्य रहनेछन्।

(९) विद्यालय व्यवस्थापन समितिको पदावधि ३ वर्षको हुनेछ।

**२७. राजीनामा स्वीकृत गर्नेः** व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धीत विद्यालय व्यवस्थापन समितिले स्वीकृत गर्नेछ।

तर, अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको वरिष्ठ सदस्यले स्वीकृत गर्नेछ। साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधीहरूले राखेको दृष्किोण निर्णय पुस्तिकामा उल्लेख गर्नुपर्नेछ तर प्रचलित कानुन विपरितका कुनै निर्णय भएकोमा बालप्रतिनिधीहरूलाई जिम्मेवार बनाईनेछैन।

(७) अभिभावकको अभिलेख राख्नेः (१) विद्यालयले अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नुपर्नेछ।

(८) उपदफा (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धीत वडाबाट प्रमाणित गराएको हुनुपर्नेछ।

**२८. व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्थाः** (१) प्रधानाध्यापकले दफा २६ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको पदावधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ।

तर, कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस दफा बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धीत शिक्षा अधिकृत वा निज उपलब्ध नभएमा नगर शिक्षा अधिकारीले खटाएको अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक र सम्बन्धीत वडाको वडाध्यक्ष तथा वडा समितिले तोकेको सदस्य रहेको तीन सदस्यीय छनौट सहजीकरण समिति गठन गर्नेछ।
(३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू छनौट सम्बन्धी अन्य व्यवस्था तोके बमोजिम हुनेछ।

**२९. व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्थाः (१) व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ।**

(२) व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य–सचिवले बोलाउनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिका एक चौथाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य–सचिवले जुनसुकै वेलामा पनि व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ।

(४) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य–सचिवले साधारणतया बहत्तर घण्टा अगावै सदस्यहरूलाई दिनुपर्नेछ।

(५) व्यवस्थापन समितिमा तत्काल कायम रहेका दुई तिहाइ भन्दा बढी सदस्यहरू उपस्थित भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६ ) व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ।

(७) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(८) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य व्यवस्था व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**३०. व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्नेः देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैनः**

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको (बाल क्लबको प्रतिनिधी बाहेक),

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको।

**३१. व्यवस्थापन समिति विघटन गर्न सक्नेः देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले समिति विघटन गर्न सक्नेछ –**

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हीत विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धीत निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटक–पटक उलंघन गरेमा।

**३२. सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः (१) यस दफामा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) प्रधानाध्यापकको सिफारसिमा शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) जुन सुकै तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नुपर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कवुलियतनामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागि पहल गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुत्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

(छ) नेपाल सरकारबाट स्वीकृत दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा महाशाखामा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यबिधि बमोजिम व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी शिक्षा महाशाखालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नुपर्ने भएमा आवश्यकताअनुसार आफ्नो राय सहितको प्रतिवेदन शिक्षा शाखामा पठाउने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचार संहिता बनाई लागू गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराइ राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराइ विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमासार्वजनिक परीक्षण गराउने,

(ण) नगरपालिकावाट तोकिएको लेखा परीक्षक मार्फत लेखापरीक्षण गराउने,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(द) शिक्षा अधिकृतले विद्यालयको चेकजाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ध) व्यवस्थापन समितिको सचिबालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(न) शिक्षा महाशाखासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तह तथा स्थानीय शिक्षा शाखा मार्फत गर्ने,

(फ)वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधिबनाई शिक्षा समितिबाट स्वीकृत गराइ लागू गर्ने,

(य) नगर शिक्षा समिति र शिक्षा महाशाखाले दिएको निर्देशन अनुरूप काम गर्ने,

(र) शिक्षक एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने,

(ल) विद्यालयको पढाई व्यवाहारिक, सीपमूलक, र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका निर्वाह गर्ने।

(व) विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीसँग नतिजामूलक सूचकमा आधारित कार्य सम्पादन करार सम्झौता गरी कार्यान्वयन गर्ने। उक्त करारको मूल्यांकन गरी नतिजा सार्वजनिक गर्ने।

(२) व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य–सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३३. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक विद्यालयका शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ।

(२) व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराइ सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक–अभिभावक संघको कार्यकारी समिति गठन गर्नुपर्नेछ।

(३) स्रोत कक्षा सञ्चालित विद्यालयमा उपदफा (२) बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा अपाङ्गता भएका विद्यार्थीका कम्तीमा एक जना अभिभावक हुनुपर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(५) उपदफा (२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधिकार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६ ) उपदफा (२) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक सहयोग गर्ने,

(ख) यस ऐन बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक बीच नियमित अन्तरक्रिया गर्ने।

(७) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी लगानीका विद्यालयको व्यवस्थापन समितिले यस दफा बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नुपर्नेछ।

## परिच्छेद–६

## पाठ्यक्रम तथा परीक्षा सञ्चालन र समन्वय

**३४. पाठ्यक्रम र पाठ्यसामग्रीः** (१) विद्यालयहरूले नेपाल सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्नेछ।

(२) पाठ्य सामग्रीको समयमै सहज उपलब्धताको सुनिश्चत गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना वनाइ लागु गर्नेछ।

**३५. परीक्षा सञ्चालन तथा समन्वय समितिः** (१) नगर पालिका क्षेत्र भित्रको विद्यालयहरूमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ।

(क) शिक्षा समितिका अध्यक्ष –संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(ग) नगर प्रहरी प्रमुख –सदस्य

(घ) सम्वन्धित स्थानीय तहमा रहेको जनपद प्रहरी इकाईको प्रमुख –सदस्य

(ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्येवाट परीक्षा समितिका अध्यक्षले मनोनय गरेको १ जना प्रतिनिधी –सदस्य

(च) सार्वजनिक गुठी तथा निजी लगानीका विद्यालयको प्रधानाध्यापकहरू मध्येवाट शिक्षा समितिका अध्यक्षले मनोनित गरेको २ जना प्रतिनिधी

(छ) बरिष्ठ शिक्षा अधिकृत १ जना –सदस्य

(ज) नगर शिक्षा अधिकारी –सदस्य–सचिव

(२) परीक्षा समितिका मनोनित पदाधिकारीको पदावधि दुई बर्षको हुनेछ।

(३) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) स्थानीय तहको क्षेत्राधिकार वाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

(५) आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ।

(६ ) उपदफा ३ र ४ वाहेकको कक्षाहरूको परीक्षा सञ्चालन समितिले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ।

**३६.** अनौपचारिक शिक्षा, दूर शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, खुला शिक्षा तथा बैकल्पिक शैक्षिक कार्यक्रमको सञ्चालन नगर कार्यपालिकाले कार्यविधि वनाई गर्नेछ।

**३७. शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्थाः** (१) नगरसभाले वार्षिक रुपमा शिक्षाको गुणस्तर मापन गरी सुधारको लागि कार्यपालिकालाई निर्देशन दिनेछ। शिक्षा मन्त्रालयले बनाएको गुणस्तरको खाका र पाठ्यक्रम विकास केन्द्रले बनाएको पाठ्यक्रमलाई मूल आधार मान्नुपर्ने छ।

(२) नगरसभाले सामाजिक विकास समितिको संयोजकलाई शिक्षाको गुणस्तर अध्ययन प्रतिवेदन पेश गर्न लगाई सो उपर नगर सभामा छलफल गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सामाजिक विकास समितिको संयोजकले नगर शिक्षा अधिकारीसँग समन्वय गरी गुणस्तर अध्ययन प्रतिवेदन तयार गर्नेछ।

(४) गुणस्तर अध्ययन प्रतिवेदन सामाजिक विकास समितिका संयोजकले विज्ञ व्यक्तिको सहयोग लिई निर्धारण गरेको ढाँचा बमोजिम हुनेछ।

(५) गुणस्तर अध्ययन प्रतिवेदन शैक्षिक सत्र समाप्त भएको दुई महिना पछाडी पेश गरी सक्नु पर्नेछ।

## परिच्छेद–७

### प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था

**३८. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापनाः** (१) कुनै व्यक्ति, समूह वा संस्थाले प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहेमा परिच्छेद २ मा उल्लेखित गरिएका ब्यावस्था अनुसार अनुसूची २ बमोजिमको पूर्वाधार पूरागरी अनुमतिको लागि नगर शिक्षा महाशाखामा अनुसूची–९ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न नगर कार्यपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया बमोजिम अनुमति दिन मनासिब देखिएमा आवश्यक शर्त तोकी अनुसूची–१० बमोजिमको ढाँचामा अनुमति प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै व्यवस्था भएको भए पनि नगर क्षेत्रभित्र प्रारम्भिक बाल शिक्षा केन्द्रको संख्या आवश्यकता भन्दा बढी भएको देखिएमा अनुमति दिइने छैन।

(४) कुनै संस्थाले उपदफा (२) बमोजिम तोकिएको शर्त अनुरूप प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन नगरेमा शिक्षा शाखाले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ।

**३९. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने पूर्वाधारः** प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्नको लागि पूर्वाधार तोकिए बमोजिम हुनेछ।

**४०. स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्नेः** प्रारम्भिक बाल शिक्षा केन्द्रमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्नेछ। थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्दा श्रब्य दृष्य सहित आधुनिक प्राविधियुक्त सामग्री प्रयोग गर्ने।

## परिच्छेद–८

### विद्यार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था

**४१. विद्यार्थी संख्याः** (१) सामुदायिक, शैक्षिक गुठी र निजी लगानीका विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया न्यूनतम तीस र अधिकतम पचास हुनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष आवश्यकता शिक्षा दिने विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या शिक्षा समितिले तोके बमोजिम हुनेछ।

(३) कुनै कक्षामा उपदफा (१) मा लेखिए भन्दा बढी विद्यार्थी भएमा विद्यालयले व्यवस्थापन समितिको अनुमति लिई त्यस्तो कक्षाको अर्को वर्ग (सेक्सन) खोल्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम कक्षामा वर्ग खोल्न आवश्यक पूर्वाधारको व्यवस्था व्यवस्थापन समिति र विद्यालयले मिलाउनु पर्नेछ।

**४२. भर्ना सम्बन्धी व्यवस्थाः** (१) विद्यार्थीले विद्यालयमा भर्ना हुनको लागि आवश्यक व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४३. विद्यालयमा भर्ना नभई अध्ययन गर्ने व्यक्तिको परीक्षा सम्बन्धी व्यवस्थाः** (१) विद्यालयमा भर्ना नभई स्वाध्ययन गरेको व्यक्तिलाई निजको क्षमता र स्तरको आधारमा विद्यालयबाट लिइने कक्षा आठसम्मको वार्षिक परीक्षामा सामेल हुनको लागि भर्ना गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) माथि जेसुकै लेखिएता पनि खुला वा बैकल्पिक विद्यालयमा पढेका विद्यार्थीको परीक्षा सम्बन्धी व्यवस्था संघीय शिक्षा मन्त्रालयले तोके बमोजिम हुनेछ।

**४४. स्थानान्तरण प्रमाणपत्र सम्बन्धी व्यवस्थाः** (१) कुनै विद्यार्थीले स्थानान्तरण प्रमाणपत्र लिनु परेमा अभिभावकको सिफारिस सहित विद्यालय छाड्नु परेको यथार्थ विवरण खुलाई प्रधानाध्यापक समक्ष निवेदन दिनुपर्नेछ। यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. स्तर वृद्धिको लागि भर्ना हुन चाहने विद्यार्थीलाई भर्ना गर्नुपर्नेः कुनै कक्षाको अन्तिम परीक्षामा विद्यार्थी अनुर्तीण भएमा पुनः परीक्षाको प्रबन्ध गरी विद्यार्थीको स्तरबृद्धिको व्यवस्था विद्यालयले गर्न सक्नेछ।

**४६. वार्षिक परीक्षा नदिने विद्यार्थीलाई कक्षा चढाउने सम्बन्धी व्यवस्थाः** कुनै विद्यार्थी बिरामी परी वा निजको काबु बाहिरको परिस्थितिको कारण निजले वार्षिक परीक्षा दिन नसकेको सम्बन्धमा निजको अभिभावकले त्यसको प्रमाण सहित निवेदन दिएमा प्रधानाध्यापकले सो सम्बन्धमा जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिव देखिएमा त्यस्तो विद्यार्थीको हकमा परीक्षा लिने व्यवस्था गरी कक्षा चढाउन सक्नेछ। तर,

(१) शैक्षिकसत्र सुरु भएको एक महिना पछि कुनै विद्यार्थीलाई कक्षा चढाइने छैन।

**४७. कक्षा चढाउने सम्बन्धी अन्य व्यवस्थाः** असाधारण प्रतिभा भएका विद्यार्थीलाई प्रधानाध्यापकले सो कक्षामा अध्यापन गर्ने शिक्षकहरूको सिफारिसमा बढीमा एक कक्षा चढाउन सक्नेछ। तर, कक्षा नौ र एघारमा कक्षा चढाउन सकिने छैन।

**४८. शैक्षिकसत्र, भर्ना गर्ने समय र काम गर्ने दिनः** (१) विद्यालयको शैक्षिकसत्र प्रत्येक वर्षको वैशाख एक गतेदेखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहनेछ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि कक्षा एघार र बाह्रको हकमा शैक्षिक सत्र श्रावण महिनावाट सुरु हुनेछ।

(३) विद्यालयले शैक्षिकसत्र सुरु भएको मितिले सामान्यतया एक महिनाभित्र नयाँ विद्यार्थी भर्ना लिई सक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधि नघाई कुनै विद्यार्थी भर्ना हुन आएमा विद्यालयले त्यस्तो विद्यार्थीको अध्ययनको स्तर परीक्षण गर्दा निजले सो कक्षामा भर्ना भई वार्षिक परीक्षा उत्तीर्ण गर्न सक्ने देखिएमा त्यस्तो विद्यार्थीलाई अर्को एक महिनासम्म भर्ना गर्न सकिनेछ।

(५) कुनै पनि विद्यालयले शैक्षिकसत्र सुरु नभई विद्यार्थी भर्ना गर्नु गराउनु हुँदैन।

तर कक्षा एकको उमेर समूह भन्दा कम उमेर भएका बालबालिकाको हकमा शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा पन्ध्र दिन अगावै प्रारम्भिक बाल शिक्षामा भर्नाको कार्य गर्न वाधा पर्ने छैन।

(६ ) विद्यालयको एक शैक्षिकसत्रमा काम गर्ने दिन अध्यापन समय कम्तीमा दुई सय बत्तिस दिन हुनेछ।

(७) सामुदायिक विद्यालयको प्रधानाध्यापकले माध्यमिक विद्यालयको हकमा हप्तामा कम्तीमा बाह्र र आधारभूत विद्यालयको हकमा कम्तीमा अठार, सहायक प्रधानाध्यापकले हप्तामा कम्तीमा चौबिस र शिक्षकले हप्तामा कम्तीमा छब्बीस पिरियड अध्यापन गराउनु पर्नेछ।

(८) भौतिक पूर्वाधार पूरा गर्न नसकेका विद्यालयले तोकिएको पाठ्यभारमा नघट्ने गरी विद्यार्थी संख्याको आधारमा एकै दिनमा एकभन्दा बढी समय (सिफ्ट) मा कक्षा सञ्चालन गर्न सक्नेछ।

तर, कक्षा सञ्चालन गर्दा आधारभूत तह वा माध्यमिक तहका कक्षाहरू एकै समय (सिफ्ट) मा सञ्चालन गर्नुपर्नेछ।

**४९. विद्यालय विदा सम्वन्धमाः** (१) नगर शिक्षा महाशाखाले तयार गरेको शैक्षिक क्यालेन्डर नगरपालिका भित्रका सबै विद्यालयमा लागु गरिनेछ।

(२) नगर शिक्षा समितिको निर्णय बमोजिम एक शैक्षिकसत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी वढीमा तीस दिन विद्यालय विदा दिन सकिनेछ। तर उक्त विदा एक पटमा दुई हप्ता भन्दा बढी नहुने गरी निर्धारण गर्न सकिनेछ।

(३) विद्यालय व्यवस्थापन समितिले एक शैक्षिकसत्रमा थप तीन दिनसम्म स्थानीय बिदा दिई विद्यालय विदा गर्न सक्नेछ। उक्त विदा दिनु अगाबै नगर शिक्षा महाशाखाको पूर्व स्वीकृति लिनुपर्नेछ।

(४) यस दफामा लेखिएदेखि बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ।

# परिच्छेद–९

## प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

**५०. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ।

(२) विद्यालयको प्रधानाध्यापक पदमा नियुक्ति सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व अनुसूची–११ बमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्ताव तयार गरेर सोही आधारमा नगर शिक्षा अधिकारीसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ।

(४) प्रधानाध्यापकको कार्यकाल पाँच वर्षको हुनेछ ।

(५) एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले जुनसुकै बखत हटाउन सक्नेछः —

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन तथा यस कार्यबिधि विपरीतको कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेमा,

(ड.) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा।

(७) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपदफा (५) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा नगर शिक्षा अधिकारीले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी, गर्न लगाई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन नगर शिक्षा समिति समक्ष राय सहित पेश गर्नुपर्नेछ।

(८) उपदफा (६ ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(९) बहालबाला शिक्षकमध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपदफा (५) को खण्ड (क) वा (ख) बमोजिमको आधारमा हटाइएको अवस्थामा निजलाई ऐन तथा यस दफा बमोजिम विभागीय कारबाही समेत गरिनेछ।

(१०) सामुदायिक विद्यालयको प्रधानाध्यापक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५१. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः** प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरूबीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरूसँग फरामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(च) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(छ) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(ज) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ञ) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ट) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख स्थानीय नगर शिक्षा अधिकारी तथा शिक्षा अधिकृत ले हेर्न चाहेमा देखाउने,

(ठ) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन स्थानीय नगर शिक्षा शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ड) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा स्थानीय नगर शिक्षा शाखामा सिफारिस गर्ने,

(ढ) नगर कार्यपालिकाबाट स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराइ विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(ण) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(त) नगरपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराइ विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस दफामा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ती गरी करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(थ) विद्यालयको प्रभावकारी सञ्चालनको लागी वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(द) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध–वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(ध) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराइ स्थानीय नगर शिक्षा महाशाखामा पठाउने,

(न) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(प) प्रधानाध्यापकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**५२. सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** माध्यमिक तहको प्रधानाध्यापकलाई सहयोग पुऱ्याउन विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले एकजनालाई सहायक प्रधानाध्यापक तोक्न सक्नेछ।

**५३. विद्यालय सहयोगी सम्बन्धी व्यवस्थाः** विद्यालय व्यवस्थापन समितिले स्वीकृत दरबन्दीको अधीनमा रही विद्यालय सहयोगीको न्यूनतम पारिश्रमिक तोकी व्यक्ति वा संस्थासँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउनु पर्नेछ।

**५४. शिक्षक तथा कर्मचारी छनौट समितिः** (१) सामुदायिक विद्यालयमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य –अध्यक्ष

(ख) शिक्षा अधिकृत –सदस्य

(ग) नगर शिक्षा महाशाखाले तोकेको सम्बन्धीत विषय बिज्ञ दुई जना – सदस्य

(घ) प्रधानाध्यापक –सदस्य–सचिव

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिबालय सम्बन्धीत विद्यालयमा रहनेछ।

(३) आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधिजारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्य्विधिको पालना गर्नुपर्नेछ।

(४) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधिसो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**५५. करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा विद्यालय व्यवस्थापन समितिले नगर शिक्षा महाशाखाबाट अनुमति लिइ नियुक्ति प्रक्रिया तोकिए बमोजिम अघि बढाउनु पर्नेछ।

**५६. दरबन्दी नभएको पदमा शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गर्न नहुनेः** (१) शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरबन्दी नभएको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन।

(२) अनुसूची–१२ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक नियुक्ति वा सरुवा गर्नु हुँदैन।

(३) उपदफा (१) वा (२) विपरीत कसैले कुनै शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता बापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ।

**५७. सरुवा सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले नगर क्षेत्र भित्र एकै विद्यालयमा लगातार तीन शैक्षिक सत्र कार्य गरेका शिक्षकलाई सरुवा चक्रीय प्रणाली निर्माण गरी विषय र तह मिल्ने गरी अनुसूची–१३ बमोजिम निवेदन लिई सरुवा गर्न सक्नेछ। (२) सरुवा भएको शिक्षकलाई अनुसूची–१४ बमोजिम रमाना दिनुपर्नेछ। शिक्षक सरुवा सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

**५८. अन्तर स्थानीय तह शिक्षक सरुवा सहमति सम्बन्धीः** अन्तर जिल्ला तथा अन्तर स्थानीय तह शिक्षक सरुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–१०

## छात्रवृत्ति तथा निः शुल्क शिक्षा सम्बन्धी व्यवस्था

### ५९. निजी लगानीका विद्यालय सेवामूलक हुनेः

(१) निजी लगानीका विद्यालयले प्रारम्भिक बाल विकास तथा शिक्षा र आधारभूत शिक्षा सेवामूलक तथा लोककल्याणकारी हुने गरी सञ्चालन गर्नुपर्नेछ।

(२) निजी लगानीका विद्यालयलाई सेवामूलक र लोक कल्याणकारी बनाउने सम्बन्धी विस्तृत व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले देहाय बमोजिम निः शुल्क छात्रवृति प्रदान गर्नुपर्नेछ।

(क) पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा दश प्रतिशत।

(ख) पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा बाह्र प्रतिशत।

(ग) आठ सयभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयले कम्तीमा पन्ध्र प्रतिशत।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कुनै विद्यालयले उपलब्ध गराउँदै आएको छात्रवृत्रि घटाउन पाइने छैन।

(५) उपदफा (३) बमोजिम आरक्षित छात्रवृति कोटामा तोकिएका समूहबीचको प्रतिस्पर्धाको आधारमा पारदर्शी छनौट विधि अवलम्बन गरी छात्रवृति प्रदान गर्नुपर्नेछ।

(६) उपदफा (३) मा आरक्षित छात्रवृति कोटामा निम्ति छनौट भई भर्ना भएका विद्यार्थर्हीरूलाई निजी लगानीका विद्यालयले मासिक शुल्क पूर्ण रूपमा छुट दिनुपर्नेछ।

(७) उपदफा (३) बमोजिम आरक्षित छात्रवृति कोटामा छनौट भई तोकिए बमोजिमको सुबिधा प्राप्त गरेका विद्यार्थीलाई सो विद्यालयमा अध्ययनरत रहँदासम्म निजले प्राप्त गरेको न्यूनतम शैक्षिक उपलब्धिका आधारमा निरन्तरता प्रदान गरिनेछ।

(८) छात्रवृति कोटा निर्धारण विद्यालयले भरेको एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि गरेको विद्यार्थी संख्याका आधारमा गरिनेछ। छात्रवृतिमा छनौटको प्रक्रिया तोकिए बमोजिमको छात्रवृति समितिले निर्धारण गरेको प्रक्रियाका आधारमा गरिनेछ। नगर छात्रवृति व्यवस्थापन समितिको अनुगमनका आधारमा छनौटमा परेका विद्यार्थीलाई छात्रवृति प्रदान नगर्ने विद्यालयलाई तोकिए बमोजिम कारबाही गरिनेछ।

**६०. नामावली सार्वजनिक गर्नुपर्नेः** (१) दफा ५८ बमोजिम छात्रवृति उपलब्ध गराइएका विद्यार्थीहरूको नाम, थर, कक्षा तथा निजको बाबुआमाको नाम, थर वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै विद्यालयको वेबसाईट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्नेछ र त्यस्तो विवरण सम्बन्धीत वडा कार्यालय र नगर शिक्षा महाशाखामा पठाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले त्यस्तो विवरण अनिवार्य र निः शुल्क रुपमा हेर्न दिनुपर्नेछ।

**६१. बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनुपर्नेः** (१) सबै अभिभावकले पाँच वर्ष पूरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा सम्बन्धीत शिक्षा समिति, स्रोतव्यक्ति तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा अनिवार्य रुपमा पठाउन लगाउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सम्झाई बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई स्थानीय तहवाट उपलब्ध गराउने सेवा सुविधावाट वञ्चित गर्न सकिनेछ।

(५) विद्यालय जाने उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व शिक्षा समितिको हुनेछ।

६२. अनौपचारिक शिक्षाः (१) विद्यालयमा भर्ना भई शिक्षा हासिल गर्न नसकेका व्यक्तिलाई देहाय बमोजिम अनौपचारिक शिक्षा दिन सकिनेछः –

(क) आधारभूत प्रौढ साक्षरता शिक्षा

(ख) साक्षरोत्तर शिक्षा

(ग) निरन्तर शिक्षा

(घ) वैकल्पिक शैक्षिक कार्यक्रम

(२) उपदफा (१) बमोजिम दिइने अनौपचारिक शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रवाट स्वीकृत भए बमोजिम हुनेछ।

(३) अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–११

## बिदा तथा काजसम्बन्धी व्यवस्था

**६३. शिक्षक तथा कर्मचारीले पाउने बिदाः** (१) शिक्षक तथा कर्मचारीले देहाय बमोजिमका बिदाहरू पाउनेछः

(क) भैपरी आउने बिदा वर्षभरिमा छ दिन,

(ख) पर्व बिदा वर्षभरिमा छ दिन,

(ग) बिरामी बिदा वर्षभरिमा बाह्र दिन,

(घ) प्रसूती बिदा प्रसूतीको अघि वा पछि गरी अन्ठानब्बे दिन,

(ङ) प्रसुती स्याहार बिदा पन्ध्र दिन,

(च) किरिया बिदा पन्ध्र दिन,

(छ) असाधारण बिदा एक पटकमा एक वर्षमा नबढाई नोकरीको जम्मा अवधिमा बढीमा तीन वर्ष,

(ज) अध्ययन बिदा शिक्षकको सेवाको सम्पूर्ण अवधिमा एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्ष,

(झ) बेतलबी बिदा बढीमा पाँच वर्ष।

(२) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ। यस्तो बिदा सञ्चित हुने छैन।

(३) शिक्षक तथा कर्मचारीको विदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**६४. बिदा दिने अधिकारीः** (१) प्रधानाध्यापकको बिदा व्यवस्थापन समितिको अध्यक्षले र शिक्षक वा कर्मचारीको बिदा प्रधानाध्यापकले स्वीकृत गर्नेछ।

तर, एक पटकमा एक दिनमा नबढाई पर्व वा भैपरी आउने बिदा प्रधानाध्यापक आफैले लिन सक्नेछ। सो भन्दा बढी पर्व वा भैपरी आउने बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षक वा कर्मचारीको असाधारण बिदा, बेतलबी बिदा र अध्ययन बिदा व्यवस्थापन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ।

**६५. बिदा नलिएको दिन सेवा अवधिमा गणना नहुनेः** (१) शिक्षक वा कर्मचारीले बिदा नलिई विद्यालयमा अनुपस्थित भएको दिन निजको सेवा अवधिमा गणना हुने छैन।

**६६. अस्थायी शिक्षक वा कर्मचारीको बिदाको रकम सम्बन्धमाः** (१) अस्थायी शिक्षक वा कर्मचारीले वर्षे वा हिउँदे बिदा उपभोग गर्न नपाउँदै अवकाश पाएमा दश महिनालाई वार्षिक काम गरेको अवधि मानी दामासाहीले काम गरेको अवधिको बिदा रकम पाउनेछ। साथै कुनै शिक्षक कर्मचारीले नियमानुसार पाउनुपर्ने विदा नलिइ विद्यालयको काममा खटिएर काम गरे वापत विदा सञ्चित गरी हरेक वर्षको अषाढ महिना भित्र तोकिए बमोजिम विदा वापतको रकम प्रदान गरिनेछ।

**६७. बिदा सहुलियत मात्र हुनेः** बिदा अधिकार नभएर सहुलियत मात्र हुनेछ। नगरपालिकाले सार्बजिनक विदाको दिनमा समेत शिक्षक पेसागत विकासका कार्यक्रममा शिक्षक कर्मचारीलाई सहभागी गराउन सक्नेछ।

**६८. काज तथा दैनिक भ्रमण भत्ताः** (१) विद्यालय वा अध्यापन सम्बन्धी कामको लागि नगर कार्यपालिकाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षक वा कर्मचारीले सोही आदेशमा तोकेको अवधिसम्मको लागि काज पाउने छ।

(२) विद्यालयको कामको लागि शिक्षक वा कर्मचारीले प्रधानाध्यापकको र प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षको लिखित अनुमति लिई बढीमा एक हप्तासम्म काजमा जान सक्नेछ।

(३) सरुवा भएको शिक्षक वा कर्मचारीलाई सरुवा भएको विद्यालयमा हाजिर हुन जाँदा विद्यालयले आफ्नै कोषबाट तोकिएको दरमा दैनिक तथा भ्रमण भत्ता बापतको रकम दिनुपर्नेछ।

तर आफ्नो स्वेच्छाले सरुवा भई जाने शिक्षक वा कर्मचारीले यस उपदफा बमोजिम दैनिक तथा भ्रमण भत्ता बापतको रकम पाउने छैन।

**६९. यस परिच्छेदको व्यवस्था लागू नहुनेः** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी तथा निजी लगानीका विद्यालयको शिक्षक र आफ्नै स्रोतबाट व्यहोर्ने गरी सामुदायिक विद्यालयमा नियुक्त शिक्षकको सम्बन्धमा यस परिच्छेदको व्यवस्था लागु हुने छैन। त्यस्ता शिक्षकले विद्यालयको विनियममा तोके बमोजिम बिदाको सुविधा पाउने छन्।

**७०. शिक्षक तथा विद्यालय कर्माचारीलाई हुने सजाय सम्बन्धी व्यवस्थाः** देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछः

(१) पदीय दायित्व पूरा नगरेमा,

(२) विना सूचना लगातार १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(३) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(५) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

(६) सामुदायिक विद्यालयको शिक्षक वा कर्मचारीले विद्यालय समयमा अन्यत्र कार्य गरेको पुष्टि भएमा।

# परिच्छेद–१२

## विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था

**७१. विद्यालयको चिन्हः** विद्यालयको चिन्हमा षट्कोण अनिवार्य हुनेछ। विद्यालय व्यवस्थापन समितिले निर्णय गरी सो षट्कोणको बीचमा आफ्नो विद्यालयको छुट्टै चिन्ह राख्न सक्नेछ।

**७२. विद्यालयको नामाकरणः** (१) समाज तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने ऐतिहासिक व्यक्ति, देवी देवता, तीर्थस्थल वा प्राकृतिक सम्पदा आदिको नामबाट नेपालीपन झल्कने गरी विद्यालयको नामाकरण गर्नुपर्नेछ।

(२) प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति पाएको विद्यालयले आफ्नो विद्यालयको नामको पछाडि कोष्टकमा प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति प्राप्त विद्यालय भनी थप गर्न सक्नेछ।

(३) नयाँ खोलिने विद्यालयको नामाकरण आफ्नो नामबाट गर्न चाहने व्यक्तिले देहाय बमोजिमको रकममा नघट्ने गरी नगरपालिकाले तोकिदिएको रकम बरावरको नगद, घर वा जग्गा विद्यालयको नामाकरण गर्ने प्रयोजनको लागि भनी एकमुष्ट विद्यालयलाई सहयोग गरेमा सो विद्यालयको नामाकरण त्यस्तो सहयोग गर्ने व्यक्तिको नामबाट सञ्चालन गर्न सकिनेछः

(क) माध्यमिक विद्यालयको लागि पचास लाख रूपैयाँ वा सो मूल्य बराबरको घर वा जग्गा,

(ख) आधारभूत विद्यालयका लागि पैंतीस लाख रूपैयाँ वा सो मूल्य बराबरको घर वा जग्गा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस नगरपालिका क्षेत्र भित्रका विद्यालयको हकमा पच्चिस प्रतिशत थप रकम वा सो बराबरको घर वा विद्यालयको कम्पाउण्डसँग जोडिएको जग्गा विद्यालयलाई सहयोग गरेमा त्यस्तो सहयोग गर्ने व्यक्तिको नामबाट विद्यालयको नामाकरण गर्न सकिनेछ।

(५) पहिल्यै नामाकरण भईसकेको विद्यालयको नामसँग जोडेर विद्यालयको नामाकरण गर्न चाहने व्यक्तिले उपदफा (३) वा (४) बमोजिमको रकम वा सो बराबरको घर वा जग्गा विद्यालयलाई सहयोग गरी पहिलेको नाम पछाडि आफूले प्रस्ताव गरेको नाम जोड्न सकिनेछ।

(६ ) एउटै परिवार वा छुट्टाछुट्टै परिवारका एकभन्दा बढी व्यक्तिले उपदफा (३) वा (४) बमोजिमको रकम वा घर वा जग्गा विद्यालयलाई फ्रदान गरेमा त्यस्ता व्यक्तिहरूको निर्णयबाट बढीमा दुईजनासम्मको नामबाट विद्यालयको नामाकरण गर्न र अन्य व्यत्तिको नाम विद्यालयमा देखिने गरी राख्न सकिनेछ।

(७) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नामाकरण भएको विद्यालयलाई कसैले जतिसुकै रकम वा घर वा जग्गा सहयोग गरे पनि त्यस्तो विद्यालयको नामाकरण परिवर्तन गरिने छैन।

तर त्यस्तो विद्यालयलाई कुनै व्यक्तिले कक्षाकोठा थप गर्न, पुस्तकालय भवन वा छात्रावास निर्माण गर्न रकम सहयोग गरेमा त्यस्तो कोठा वा भवनमा सो रकम प्रदान गर्ने व्यक्तिको नामबाट नामाकरण गर्न सकिनेछ।

(८) उफ दफा ७ बमोजिम विद्यालयको नामाकरण नगरसभाले गर्नेछ।

**७३. राष्ट्रिय गान गाउनुपर्नेः** विद्यालय खुलेको प्रत्येक दिनको प्रारम्भ र विभिन्न समारोहमा राष्ट्रिय गान गाउनुपर्नेछ।

**७४. झण्डोत्तोलन गर्नुपर्नेः** विद्यालयमा मनाइने प्रत्येक समारोहको प्रारम्भमा राष्ट्रिय झण्डोत्तोलन गर्नुपर्नेछ।

**७५. विद्यार्थीको पोशाकः** विद्यालयले विद्यार्थीको लागि एकै किसिमको, कम खर्चिलो, साधारण, राष्ट्रियता झल्काउने र हावापानी सुहाउँदो पोशाक तोक्न सक्नेछ। विद्यालयले पोशाक खरिद गर्ने स्थान वा पसल तोक्न पाउने छैन।

## परिच्छेद–१३

### विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था

**७६. विद्यालयको सम्पत्तिको सुरक्षाः** (१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ।

(२) सामुदायिक विद्यालयको नाममा रहेको उपदफा १ बमोजिमको सम्पत्तिको विवरण नगर शिक्षा महाशाखामा पठाउनुपर्नेछ र सो को लगत संकलन तथा अद्यावधिक गर्ने जिम्मेवारी शिक्षा महाशाखाको रहनेछ।

(३) सामुदायिक विद्यालयको नाममा रहेको सम्पत्तिको अद्यावधिक विवरण नगर शिक्षा शाखाले वार्षिक रुपमा सार्वजनिक गर्नेछ।

**७७. विद्यालय सम्पत्ति संरक्षण सम्वन्धमा नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) विद्यालयको नाममा प्राप्त भई दर्ता हुन बाँकी रहेको जग्गा दर्ता गर्ने व्यवस्था मिलाउने

(ख) विद्यालयको नाममा रहेको सम्पत्तिलाई अधिकतम फाइदा हुने काममा प्रयोग गर्न व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ग) विद्यालयको नाममा रहेको जग्गाको आम्दानी असूल उपर गर्ने व्यवस्था मिलाउने,

(घ) विद्यालयको सम्पत्ति कसैबाट हानी–नोक्सानी हुन गएमा सो भराउने व्यवस्था गर्ने,

(ङ) विद्यालयको विकास गर्ने काममा बाहेक विद्यालयको नाममा दर्ता भएका जग्गा वा अन्य सम्पत्ति बेचविखन वा स्वामित्व हस्तान्तरण गर्न नदिने,

(च) विद्यालयको जग्गा संरक्षण गर्न व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई सहयोग गर्ने।

**७८. विद्यालयको नामको जग्गा बिक्री गर्न वा धितो राख्न नहुनेः** (१) विद्यालयको नामको जग्गा बित्री वा धितो राख्न पाइने छैन।

**७९. विद्यालयको नामको जग्गा सट्टापट्टा गर्न नहुनेः** (१) विद्यालयको नाममा रहेको जग्गा सट्टापट्टा गर्न पाइने छैन।

**८०. विद्यालयको नाममा सम्पत्ति राख्नुपर्नेः** (१) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित विद्यालयले विद्यालयको अचल सम्पत्ति विद्यालयको नाममा रजिस्ट्रेशन पारित गर्नुपर्नेछ र रजिस्ट्रेशन पास गर्दा कुनै शुल्क लाग्ने छैन। नगरपालिकाले आवश्यक ठानेमा सामुदायिक, शैक्षिक गुठी वा निजी लगानीका विद्यालयहरूलाई नगरपालिका भित्रको सार्वजनिक जग्गा लिजमा उपलब्ध गराउन सक्ने छ तर यसका लागी छुट्टै कार्यबिधि बनाई कार्यान्वयन गरीने छ।

(२) कम्पनीको रूपमा सञ्चालित निजी लगानीका विद्यालयले विद्यालयको अचल सम्पत्ति कम्पनीको स्वामित्वमा राख्नुपर्नेछ।

**८१. निजी शैक्षिक गुठी अन्तर्गत गरिएको लगानी हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्थाः** निजी शैक्षिक गुठी वा त्यस्ता गुठीका सञ्चालकले आफ्नो लगानीको पूरै वा आंशिक हिस्सा विद्यालय सञ्चालनमा वाधा नपर्ने गरी आफ्नो उत्तराधिकारीको रुपमा नियुक्त गरेको गुठियारलाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्न सक्नेछ।

**८२. मिनाहा दिन सक्नेः** प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थितिले गर्दा सामुदायिक विद्यालयको सम्पत्ति हानी नोक्सानी हुन गएको प्रमाणित हुन आएमा बीस हजार रूपैयाँसम्मको भए प्रधानाध्यापकको सिफारिसमा व्यवस्थापन समितिले, पचास हजार रूपैयाँसम्मको भए व्यवस्थापन समितिको सिफारिसमा कार्यकारी अधिकृतले, एक लाख

रूपैयाँ सम्मको भए नगर प्रमुखले मिनाहा दिन सक्नेछ। सोभन्दा बढी रकम मिनाहा दिनु परेमा नगर कार्यपालिकाको सिफारिसमा नगरसभाले मिनाहा दिन सक्नेछ।

## परिच्छेद–१४

### विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था

**८३. विद्यालयलाई अनुदान दिनेः** (१) सामुदायिक विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाबाट विद्यालयको लागी प्राप्त रकम नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराइ विद्यालय सञ्चित कोषमा पठाउने व्यवस्था मिलाउने छ।

(२) विद्यालयको आन्तरिक आय समेतलाई अध्ययन गरी विद्यालयलाई देहायका आधारमा अनुदान बाँडफाँट गरिने छ :

(क) विद्यालयको विद्यार्थी संख्या,

(ख) विद्यालयको शिक्षक संख्या,

(ग) विद्यालयको परीक्षाको परिणाम,

(घ) विद्यालयको आर्थिक अवस्था

ङ) विद्यालयले पूरा गर्नुपर्ने न्युनतम पूर्वाधारहरूको अवस्था।

(३) अनुमति प्राप्त सामुदायिक विद्यालयले दरबन्दी प्राप्त नगर्ने शर्तमा र स्वीकृत प्राप्त सामुदायिक विद्यालयले आफूलाई प्राप्त सबै शिक्षक दरबन्दी नगर शिक्षा महाशाखामा फिर्ता गरी शिक्षक लगायत विद्यालय व्यवस्थापनका सम्पूर्ण पक्षहरू आफैले गर्ने गरी विद्यालयलाई प्राप्त हुने अनुदान एकमुष्ट रुपमा तोकिएको शर्त पालना गरी खर्च गर्ने गरी एकमुष्ट अनुदान प्रदान गर्न सकिने व्यवस्था गर्न सकिनेछ।

(४) विद्यालयको पूर्वाधार विकास गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाले शर्त तोकी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयलाई समेत अनुदान दिन सक्नेछ।

**८४. सम्बन्धीत काममा खर्च गर्नुपर्नेः** विद्यालयलाई प्राप्त रकम जुन कामको लागि खर्च गर्न निकासा भएको हो सोही काममा मात्र खर्च गर्नुपर्नेछ। खर्च हुन नसकेको रकमको बारेमा नगर शिक्षा शाखालाई जानकारी गराउनु पर्नेछ।

**८५. स्थानीय स्रोतबाट रकमको व्यवस्था गर्नुपर्नेः** (१) विद्यालयले विद्यालयको भवन, फर्निचर र अन्य कार्यको लागि स्थानीय स्रोतबाट समेत रकमको व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय स्रोतबाट भवन निर्माणको लागि रकम नपुग्ने भएमा नगर कार्यपालिकाले जनसहयोगलाई प्रोत्साहन गर्ने गरी सामुदायिक विद्यालयलाई आवश्यक रकम अनुदान दिन सक्नेछ।

## परिच्छेद–१५

## विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था

**८६. विद्यालय सञ्चालन सञ्चित कोषको सञ्चालनः** (१) प्रत्येक विद्यालयमा विद्यालयको सम्पूर्ण आम्दानीहरू जम्मा गर्ने गरी एक विद्यालय सञ्चालन कोष रहनेछ।

(२) विद्यालयले सञ्चालन कोषमा जम्मा भएको रकम व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्नुपर्नेछ।

(३) विद्यालय सञ्चालन कोषको सञ्चालन व्यवस्थापन समितिको अध्यक्ष वा सोही समितिले तोकेको व्यवस्थापन समितिको सदस्य र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक विद्यालय सञ्चालन कोषको सञ्चालन प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ।

(५) विद्यालय सञ्चालन कोषको हिसाब–किताबको लेखा राख्ने, बेरुजु फर्छ्यौट गर्ने काम प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्ने कर्मचारीको हुनेछ।

(६ ) विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय सञ्चालन कोषको रकम शिक्षा शाखाले तोकिदिएको नजिकैको कुनै बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ।

(७) विद्यालयको सम्पूर्ण खर्च विद्यालय सञ्चालन कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

**८७. बजेट तयार गर्नेः** (१) दफा ८३ मा जेसुकै लेखिए पनि प्रधानाध्यापकले प्रत्येक वर्षको मंसिर महिनाको मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराइ त्यसको एक प्रति नगर शिक्षा महाशाखामा समयमा पठाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम समयमा बजेट तयार गरी नपठाउने विद्यालयलाई नगरपालिकाबाट प्रदान गरिने बजेट रोक्का गर्न सकिनेछ ।

**८८. विद्यालयको आय व्ययको लेखाः** (१) विद्यालयको आय व्ययको लेखा तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

(२) विद्यालयको आय व्ययको लेखा, बिल, भरपाई लगायत आवश्यक कागजात राख्ने काम विद्यालयको लेखा सम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको हुनेछ।

(३) उपदफा (२) बमोजिम कागज प्रमाणित गराइ राख्ने, राख्न लगाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ।

(४) उपदफा (१) बमोजिमको आय व्ययको लेखा राख्दा विद्यालयको काम कारबाहीको वास्तविक स्थिति थाहा हुने गरी मालसामानहरूको खरिदबिक्री र विद्यालयको नगदी, जिन्सी, जायजेथा दायित्वको विस्तृत विवरण स्पष्ट रूपले खोलेको हुनुपर्नेछ।

(५) विद्यालयको नगदी, जिन्सी, जायजेथामा कुनै किसिमको हिनामिना, हानी–नोक्सानी वा लापरबाही हुन नपाउने गरी सुरक्षित राख्ने र सोको लगत राख्ने तथा राख्न लगाउने दायित्व प्रधानाध्यापकको हुनेछ।

(६) प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्न जिम्मेवारी तोकिएको शिक्षक वा कर्मचारीले विद्यालयको आय व्ययको प्रतिवेदन नगर शिक्षा महाशाखाले तोकेको अवधि भित्र मासिक वा त्रैमासिक रूपमा सो शाखामा पठाउनु पर्नेछ।

**८९. लेखापरीक्षण गराउनेः** (१) व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष नगर कार्यपालिकाबाट नियुक्त दर्ताबाला लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ तर निजी लगानीका विद्यालयहरूको हकमा भने बिद्यामान कम्पनी ऐन अनुसार हुने।

(२) लेखापरीक्षणको सिलसिलामा प्रधानाध्यापकले विद्यालयको आय व्ययको बहिखाता लेखापरीक्षकले मागेको बखत जाँच्न दिनुपर्नेछ र निजले कैफियत तलब गरेको कुराको यथार्थ जवाफ समेत सरोकारबालालाई दिनुपर्नेछ।

(३) विद्यालयको आय व्ययको लेखा नगर कार्यपालिकाबाट खटाइएको कर्मचारीले जुनसुकै बखत जाँचबुझ गर्न सक्नेछ। यसरी जाँचबुझ गर्दा खटि आएको कर्मचारीले माग गरेको विवरण देखाउनु प्रधानाध्यापक, लेखाको जिम्मेवारी प्राप्त शिक्षक वा कर्मचारीको कर्तव्य हुनेछ।

(४) लेखापरीक्षकले विद्यालयको लेखापरीक्षण गर्ने सिलसिलामा अन्य कुराका अतिरिक्त विद्यालयको आम्दानी र खर्चका बारेमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग छलफल गरी आफ्नो प्रतिवेदन तयार गर्नुपर्नेछ।

(५) विद्यालयसँग स्वार्थ रहेको व्यक्तिले वा विद्यालय व्यवस्थापनका अध्यक्ष, सदस्य तथा प्रधानाध्यापकको नजिकको नातेदारले विद्यालयको लेखापरीक्षण गर्न पाउने छैन।

**९०. प्रतिवेदन पेश गर्नुपर्नेः** लेखापरीक्षकले विद्यालयको लेखापरीक्षण गरी सकेपछि देहायका कुराहरू खुलाई सो सम्बन्धी प्रतिवेदन तयार गरी व्यवस्थापन समिति र नगर शिक्षा महशाखामा एक–एक प्रति पठाउनुपर्नेछ । तर निजी लगानीका विद्यालयहरूको हकमा भने विद्यमान कम्पनी ऐन अनुसार सम्बन्धीत कार्यालयहरूमा बुझाउने।

(क) सोधिएका र कैफियत तलब भएका कुराको जवाफ यथाशीघ्र भए नभएको,

(ख) पेश भएको आय व्ययको हिसाब रितपूर्वक भए नभएको,

(ग) आय व्ययको स्रेस्ता कानून बमोजिम राखे नराखेको,

(घ) विद्यालयको आय व्ययको लेखा यथार्थ रूपमा देखिने गरी वासलात दुरुस्त भए नभएको,

(ङ) कुनै शिक्षक वा कर्मचारीले कानून विपरीत कामकाज वा बेहिसाब गरे नगरेको,

(च) विद्यालयको कारोबार सन्तोषप्रद भए नभएको,

(छ) विद्यालयलाई जुन कामका लागि निकासा भएको हो सोही प्रयोजनमा खर्च लेखे नलेखेको,

(ज) विद्यालयको सम्पत्ति दुरुपयोग गरे नगरेको

(झ) लेखा परीक्षकले मनासिव र आवश्यक सम्झेको अन्य कुरा।

**९१. विद्यालयको कामको सामाजिक परीक्षण गर्नेः** विद्यालयले तोकिए बमोजिम सामाजिक परीक्षण गराउनु पर्नेछ।

**९२. बरबुझारथ गर्नेः** (१) विद्यालयको नगदी, जिन्सी मालसामानको लगत, स्रेस्ता राख्ने जिम्मा लिएको शिक्षक वा कर्मचारी सरुवा वा अन्य कारणबाट विद्यालय छोडी जाने भएमा आफ्नो जिम्मा रहेको नगदी, जिन्सी मालसामानको बरबुझारथ सामान्यतया २१ दिनभित्र विद्यालयमा गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने शिक्षक तथा कर्मचारीलाई बरबुझारथ नगरेसम्म सरुवा भएको विद्यालयमा जान रमाना पत्र दिइने छैन। साथै निजले कुनै रकम वा मालसमान हिनामिना गरेको रहेछ भने सो बापतको रकम निजले पाउने जुनसुकै रकमबाट असुल उपर वा सोधभर्ना गरिनेछ।

९३. शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा संघीय शिक्षा ऐन अनुसार हुनेछ।

९४. शिक्षक तथा कर्मचारीका निवृत्तीभरण, उपदान, उपचार खर्च र अन्य व्यवस्था संघीय शिक्षा ऐन अनुसार हुनेछ।

९५. शिक्षक तथा कर्मचारीका अवकास सम्बन्धी व्यवस्था संघीय शिक्षा ऐन अनुसार हुनेछ।

९६. शिक्षक तथा कर्मचारीको सजाय सम्बन्धी व्यवस्था संघीय शिक्षा ऐनले तोकेको मापदण्ड अनुसार हुनेछ।

९७. विद्यालय शुल्क सम्बन्धी व्यवस्था नगर शिक्षा समितिले तोकेको मापदण्ड बमोजिम हुनेछ।

९८. शिक्षक सेवा आयोगबाट गरिने स्थायी नियुक्ति, सिफारिस, बढुवा, अध्यापन अनुमति पत्र शिक्षक सेवा आयोगले निर्धारण गरेको प्रक्रिया बमोजिम हुनेछ।

९९. शैक्षिक गुठी वा निजी लगानीका विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूको तलब भत्ता विद्यालयको आयस्रोत अनुसार ६०% तलब भत्ता र ४०% प्रशासनिक, भौतिक विकास तथा अन्य प्रयोजनका लागि खर्च गर्नुपर्नेछ।

## परिच्छेद–१६

## विविध

**१००. शिक्षक तथा शिक्षा क्षेत्रसम्बद्ध जनशक्तिको क्षमता विकासः** (१) शिक्षक कर्मचारीको क्षमता विकासका लागि सञ्चालन गरिने शिक्षक कर्मचारी क्षमता विकास तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

तर यस दफाले नगर पालिका क्षेत्रका विद्यालयमा कार्यरत शिक्षकलाई स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तालिम दिन वाधा पर्ने छैन।

**१०१. अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्थाः** (१) विद्यालयहरूले नगर शिक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम रमाइलो शुक्रबार कार्यक्रम अन्तर्गत अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ।

(२) नगर कार्यफालिकाले वार्षिक कार्यक्रममा समावेश गरी नगर स्तरीय अतिरिक्त क्रियाकलाप सचालन गर्नुपर्नेछ।

(३) विद्यालयले उपदफा (१ र २) बमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा देहाय बमोजिमका प्रतियोगितामा विद्यार्थीहरूलाई भाग लिन लगाउनुपर्नेछ –

(क) चित्रकला, मूर्तिकला र हस्तकला प्रतियोगिता,

(ख) बाद्यबादन तथा संगीत प्रतियोगिता,

(ग) नृत्य प्रतियोगिता,

(घ) नाटक प्रतियोगिता,

(ङ) वक्तृत्व कला प्रतियोगिता,

(च) हाजिरी जवाफ प्रतियोगिता,

(छ) हिज्जे प्रतियोगिता,

(ज) खेलकुद प्रतियोगिता,

(झ) साहित्यिक गतिविधि, कथा, कविता र निवन्ध प्रतियोगिता,

(ञ) फूलबारी र कृषि सम्बन्धी प्रतियोगिता,

(ट) सृजनात्मक तथा अन्वेषणात्मक र विज्ञानका प्रयोगात्मक प्रतियोगिता,

(ट) रोबोटिक्स निर्माण र सञ्चालन प्रतियोगिता,

(ठ) जीवनपयोगी सीप विकास प्रतियोगिता

(ड) विविध प्रतियोगिता,

(४) विद्यालयले प्रत्येक शुक्रबार वा अन्य कुनै दिन समेतलाई विद्यार्थीहरूमा जीवनपयोगी सीप विकास, असल आचरणको निर्माण तथा अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्ने गरी रमाइलो शुक्रबार कार्यक्रम आयोजना गर्नेछ। ऊक्त कार्यक्रममा प्रत्येक विद्यार्थीलाई सहभागी गराउनु पर्नेछ।

(५) अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१०२. विद्यालय शिक्षा सेवाको गठन, तह, श्रेणी विभाजन र दरबन्दी सम्बन्धी व्यवस्थाः (**१) संघ तथा प्रदेश शिक्षा ऐनसँग तादम्यता कायम हुने गरी तोकिए बमोजिम विद्यालय शिक्षा सेवाको गठन, तह, श्रेणी विभाजन र दरबन्दी सम्बन्धी व्यवस्था गरिनेछ।

**१०३. जिम्मेवार रहनेः** (१) प्रधानाध्यापक प्रशासनिक रुपमा नगरपालिका र विद्यालय व्यवस्थापन समितिप्रति, सिकाइ उपलब्धि अभिवृद्धिका लागि अभिभावक एवं विद्यार्थीप्रति जवापदेही हुनेछ।

(२) शिक्षामा सुधार, विकास र रूपान्तरणका लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले नगर शिक्षा महाशाखासँग कार्यसम्पादन करार गरी कार्यान्वयन गर्नुपर्नेछ।

(३) शिक्षक एवं कर्मचारी प्रधानाध्यापकप्रति जवापदेही हुनेछन्। निजहरूले गुणस्तरीय शिक्षाका लागि नगर कार्यपालिका नगर शिक्षा समिति र नगर शिक्षा अधिकारीले दिएका निर्देशन पालना गर्नुपर्नेछ। अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरूले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्नुपर्नेछ।

(४) नगर कार्यपालिकाले प्रत्येक विद्यालयका लागि निश्चित भौगोलिक क्षेत्रलाई सेवा क्षेत्रको रुपमा तोकि दिन सक्नेछ। त्यस्तो भौगोलिक क्षेत्र भित्रका टुहुरा, अभिभावक बिहीन तथा बेसाहारा तथा अतिविपन्नताका कारणले विद्यालय जान नसकेका वा विद्यालय छाडेका बालबालिकालाई छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई आर्थिक सहयोग कार्यक्रम सञ्चालन गरी बालबालिकालाई विद्यालयमा ल्याउनु नगरपालिका, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको जिम्मेवारी हुनेछ।

(५) विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व शिक्षक र प्रधानाध्यापकको हुनेछ।

**१०४. संरक्षकको भूमिकाः** वडाअध्यक्षले आफ्नो वडा भित्रका विद्यालयको गुणस्तरीय शिक्षाका लागि प्रमुख संरक्षकको रुपमा कार्य गर्नु गराउनुपर्नेछ।

**१०५. स्थानीय तहमा निर्वाचित पदाधिकारीहरूले पालना गर्नुपर्ने आचारसंहिताः** स्थानीय तहका नव निर्वाचित पदाधिकारीहरूले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछः

(क)शैक्षिक गुठी, निजी लगानीका विद्यालय वा निजी अन्य कुनै प्रकारका शैक्षिक संघ संस्था सञ्चालनमा संलग्न हुन नहुने तर प्राज्ञिक क्रियाकलापमा भाग लिन बन्देज रहने छैन,

(ख) धर्म, सम्प्रदाय, जाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा सम्प्रदायको आधारमा घृणा वा द्धेष उत्पन्न हुने कुनै क्रियाकलापमा भाग लिन बन्देज रहने छ,

(ग)राजनीतिक पार्टी वा अन्य कुनै दलीय स्वार्थ पूरा गर्नेगरी विद्यार्थी र शैक्षिक संरचनाको प्रयोग गर्न पाइने छैन,

(घ) विद्यालयको समग्र सुधार र शैक्षिक गुणस्तरको अभिवृद्धिमा सहयोग गर्नुपर्ने,

**१०६. विद्यालयले पालन गर्नुपर्ने आचार संहिताः विद्यालयले देहाय बमोजिमको आचार संहिता पालन गर्नुपर्नेछः –**

(क) संघीय शिक्षा ऐन, प्रदेश शिक्षा ऐन र नगरपालिकाको विद्यालय शिक्षा ऐन तथा शिक्षा सम्बन्धी विभिन्न नीति र निर्देशनको पालना गर्ने

(ख) विद्यार्थीको भविश्य निर्माणलाई केन्द्रमा राखी विभिन्न शैक्षिक गतिविधि तथा क्रियाकलाप सञ्चालन गर्ने

(ग) विद्यालय तहको शिक्षामा नागरिकको सर्बसुलभ पहुँच सुनिश्चित गर्ने गरी विद्यालयको सञ्चालन लागत न्यूनीकरण गर्ने

(घ) नगरपालिकाको शैक्षिक कार्यक्रमहरूप्रति अपनत्व ग्रहण गरी प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने

(ङ) बालमैत्री विद्यालय अबधारणा अनुसार विद्यालयको सञ्चालन र व्यवस्थापन गर्ने

(च) विद्यालयले न्यूनतम सिकाइ उपलब्धि ६० प्रतिसत कायम गर्ने

(छ) नगर पालिकालाई शैक्षिक पर्यटनको गन्तव्यस्थलका रुपमा विकास गर्ने गरी अन्वेषणशील ढंगले विद्यालयको सञ्चालन गर्ने।

**१०७. शिक्षक तथा कर्मचारीले पालन गर्नुपर्ने आचार संहिताः** शिक्षक तथा कर्मचारीले देहाय बमोजिमको आचार संहिता पालन गर्नुपर्नेछः –

(क) आफुलाई खटाएको विद्यालय वा ठाउँमा गई तोकिएको काम गर्नुपर्ने,

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनुपर्ने र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुनु नहुने,

(ग) आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न नहुने,

(घ) नेपाल सरकार र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदि जस्ता सुचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने,

(ङ) विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने,

(च) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनुपर्ने,

(छ) कुनैभाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने,

(ज) सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र सम्बन्धीत स्थानीय तहको स्वीकृति नलिई आफू वहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने,

(झ) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नुपर्ने,

(ञ) नेपाल राष्ट्रको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनैपनि कार्यालय वा अधिकृतको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, हड्ताल, थुनछेक तथा घेराउ गर्न नहुने,

(ट) विद्यार्थीलाई कुनै पनि प्रकारको शारीरिक वा मानसिक यातना दिन नहुने,

(ठ) लैगिंक समानता र सशक्तिकरण, सामाजिक सदभाव र सहकार्य राष्टिय तथा जनहीतको प्रर्बद्धन गर्ने

(ड) नगर पालिकाले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरू र निर्देशनप्रति अपनत्व ग्रहण गरी ऊक्त कार्यक्रम र निर्देशनको नतिजामूलक ढंगले कार्यान्वयन गर्न सहयोगी भूमिका निर्बाह गर्ने। ।

(ढ) प्रत्येक शिक्षकले आफूले अध्यापन गर्ने विषयको सिकाइ उपलब्धि न्यूनतम ६० प्रतिसत कायम गर्ने

(२) उपदफा (१) बमोजिमको आचार संहिताको पालन भए नभएको अभिलेख शिक्षकहरूको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिले राख्नुपर्नेछ र आचार संहिता पालन नभएको भए त्यसको विवरण शिक्षा महाशाखामा पठाउनुपर्नेछ।

**१०८. विद्यार्थीले पालन गर्नुपर्ने आचार संहिताः** विद्यार्थीहरूले देहाय बमोजिमको आचार संहिता पालन गर्नुपर्नेछः –

(क) शिक्षकको आज्ञापालन र आदर गर्नुपर्ने,

(ख) विद्यालयमा वा बाहिर जहाँसुकै अनुशासनमा रहनु पर्ने,

(ग) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानको निमित्त संधै प्रयत्नशील रहनु पर्ने,

(घ) नगरफालिका र विद्यालयले आयोजना गरेको कार्यक्रममा सत्रिय रुपमा भाग लिनु पर्ने,

(ङ) असल आचरण र व्यवहारमा रही सबैसँग शिष्ट व्यवहार गर्नुपर्ने,

(च) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्नुपर्ने

(छ) कुनै पनि प्रकारका राजनैतिक तथा विध्वसात्मक क्रियाकलापमा सहभागी नहुने

(ज) शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यमा नकारात्मक असर पार्ने आहर बिहार र खराब बानी व्यहोरा गर्न नहुने

(झ) सार्वजनिक तथा व्यक्तिको निजी सम्पत्ति संरक्षणमा सहयोगी भूमिका निर्बाह गर्ने

**१०९. सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध हुनुपर्नेः** प्रत्येक विद्यालयले विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीहरूको लागि अनिवार्य रुपमा सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्ने। सबै विद्यालयहरू यो ऐन जारी भएको १ वर्ष भित्र अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा आवद्ध हुनुपर्नेछ । साथै सामुदायिक विद्यालयमा करारमा नियुक्त बालविकास सहजकर्ता र शिक्षकहरूलाई सम्बन्धित विद्यालयले अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनुपर्नेछ ।

**११०. सबै नागरिक स्नातक कार्यक्रमः** नगरपालिका क्षेत्रमा स्थायी बसोबास गर्ने सबै नागरिकलाई स्नातक तहको शिक्षा हासिल गराउन नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक क्याम्पसहरूसँग विद्यालय र नगरपालिकाले सहकार्य गर्नेछन्। यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१११. शिक्षक बैंक सञ्चालनः** नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका विद्यालयहरूमा गुणस्तरीय शिक्षक आपूर्ति प्रणालीलाई दीगो र प्रभावकारी बनाउन शिक्षक बैंकको सञ्चालन गरिनेछ। सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**११२. अभिभावक बडापत्र राख्नुपर्नेः** नगरपालिका भित्र रहेका सम्पूर्ण विद्यालय तथा शैक्षिक संस्थाहरुले विद्यालयले प्रदान गर्ने सुविधा र लिने सेवाशुल्क सहितको विवरण समावेश गरी अभिभावक बडापत्र तयार गरेर विद्यालय परिसर भित्र राख्नुपर्नेछ।

**११३. तालिम सञ्चालन गर्नुपर्नेः** नगरपालिका मातहत सञ्चालन हुने क्षमता विकासका तालिमहरु सञ्चालन र व्यवस्थापनमा समन्वय गर्न शिक्षा, युवा तथा खेलकुद महाशाखा मातहत तालिम शाखा रहनेछ। नगरपालिका क्षेत्रमा रहेका सामुदायिक भवनहरुलाई तालिम केन्द्रमा परिणत गरी तालिम कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**११४. खेलकुद सञ्चालन गर्नेः** विद्यालयमा अध्ययनरत बालबालिकाहरुको स्वस्थ शारीरिक, संवेगात्मक, सामाजिक, मानसिक तथा बौद्धिक विकासलाई प्रबर्द्धन गर्न सार्वजनिक शैक्षिक गुठी, सामुदायिक/संस्थागत विद्यालयको खेल मैदान लगायतका सार्वजनिक खेलकुद पूर्वाधारहरुको नगरपालिकाले आवश्यकता अनुसार प्रयोग तथा परिचालन गर्नेछ ।

**११५. नियमावली, निर्देशिका, कार्यविधि तथा विनियम बनाउन सक्नेः** यस ऐनको मूल भावना कार्यान्वयनका लागि नगर कार्यपालिकाले नियमावली, निर्देशिका तथा कार्यविधि र विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रले विनियम बनाउन सक्नेछ।

**११६. बाधा अड्काउ हटाउने अधिकारः** यस ऐनको कार्यान्वयनमा देखिएका बाधा व्यवधान हटाउन नगर कार्यपालिकाले नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी आदेश निकाल्न सक्नेछ। उक्त आदेश यसै ऐनमा परे सरह मानिनेछ।

**११७. वार्षिक प्रतिवेदन पेस गर्नुपर्नेः** नगरपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुले नयाँ शैक्षिक सत्र प्रारम्भ भएको एक महिना भित्र अघिल्लो शैक्षिक सत्रभरीमा विद्यालयले हासिल गरेका उपलब्धि, सामना गरेका चुनौती र समस्याका साथै विद्यालयको भावी योजना समेतको सारसंक्षेप समावेश गरी वार्षिक प्रतिवेदन तयार गरेर शिक्षा

महाशाखामा अनिवार्य रुपमा पेस गर्नुपर्नेछ। उक्त प्रतिवेदन विद्यालयको सूचना पाटी तथा वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ।

**११८. खारेजी र बचाउः** यो ऐन प्रारम्भ भए पछि नगर शिक्षा व्यवस्थापन कार्यविधि २०७५ खारेज गरिएको छ र उक्त कार्यविधि अन्तगर्त कार्यान्वयन गरिएका कामकारबाही यसै ऐन बमोजिम कार्यान्वयन भएको मानिनेछ। साविकको नगर शिक्षा व्यवस्थापन कार्यविधि २०७५ बमोजिम गठन गरिएको नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति यो ऐन जारी भएको मितिबाट स्वतः खारेज भएको मानिने छ। यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको एक महिना भित्र तत् तत् समिति गठन गर्नुपर्नेछ।

# अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

**विद्यालय खोल्ने अनुमतिको लागि दिइने निवेदन**

श्री नगर शिक्षा अधिकारी ज्यू,

बुढानीलकण्ठ नगरपालिकाको कार्यालय,

बागमती प्रदेश नेपाल।

विषयः विद्यालय खोल्ने अनुमति सम्बन्धमा।

शैक्षिक सत्र .................... देखि ..................... तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरू खुलाई यो निवेदन पेश गरेको छु।

(क) प्रस्तावित विद्यालयकोः

१.नामः

२.ठेगानाः बुढानीलकण्ठ नगरपालिका, वडा नं. ............. टोल....................

फोनः .................. फ्याक्स नं. .................................

३.किसिमः

(१) सामुदायिक (२) निजी लगानीका विद्यालयल (अ) निजी शैक्षिक गुठी (आ) सार्वजनिक शैक्षिक गुठी

४.अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षाः

५.भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षाः

(ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधारः

१. भवनकोः

(१) संख्याः (२) कच्ची वा पक्की वा अर्ध पक्की

(३) आफ्नै वा बहालमा वा सार्वजनिक

२.कोठाको विवरणः

कोठाको संख्याः लम्वाईः चौडाईः उचाईः

झ्याल ढोकाको अवस्थाः प्रकाशवत्तीकोअवस्थाः प्रयोजन कैफियत

३.फर्निचरको संख्याः

(१) डेस्कः (२) बेञ्चः (३) टेबलः (४) दराजः (५) मेचः (५० ) अन्यः

४.खेलकूद मैदानको अवस्था र जग्गाः (रोपनी वा विगाहामा)

५.शौचालयको संख्याः (१) छात्रले प्रयोग गर्ने (२) छात्राले प्रयोग गर्ने

६ .खानेपानीको अवस्थाः

७.पुस्तकालयको अवस्था तथा पुस्तकको संख्याः

८.प्रयोगशालाः सामग्रीः

९. सवारी साधनको विवरणः

१०. शैक्षिक सामग्रीको विवरणः

(ग) विद्यार्थी संख्याः (प्रस्तावित)

कक्षाः संख्याः

(घ) शिक्षक संख्याः (प्रस्तावित)

(ङ) आर्थिक विवरणः (प्रस्तावित)

१. अचल सम्पत्तिः

२. चल सम्पत्तिः

३. वार्षिक आम्दानीः

४. आम्दानीको स्रोतः

माथि लेखिएका विवरणहरू ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको–

सहीः

नामः

ठेगानाः

मितिः

संलग्न गर्नुपर्ने कागजातहरूः

(१) शैक्षिक गुठीको विधानको प्रतिलिपि।

(२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र।

(३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा।

(४) सम्बन्धीत वडासमितिको सिफारिस।

# अनुसूची–२

(दफा ४ सँग सम्बन्धित)

## विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरू

(क) कक्षा कोठाहरू सामान्यतया नौ फिट उचाईको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनुपर्ने,

(ख) कक्षागत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रति विद्यार्थी १.०० वर्ग मीटर तथा माध्यमिक विद्यालयको हकमा १.२० वर्ग मीटर भन्दा कम हुन नहुने,

(ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनुपर्ने,

(घ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनुपर्ने,

(ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नुपर्ने,

(च) प्रारम्भिक बाल शिक्षा केन्द्र बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट थप हुनुपर्ने,

(छ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनुपर्ने,

(ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरू जस्तै( सेतोपाटी, कालोपाटी, नक्सा, ग्लोब, गणितीय सामग्री आदि हुनुपर्ने,

(झ) सम्पूर्ण विद्यार्थीहरू एकैसाथ उभिन सक्ने मैदान हुनुपर्ने,

(ञ) प्रारम्भिक बाल शिक्षा केन्द्रमा घर बाहिरका क्रियाकलापहरू सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनुपर्ने,

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनुपर्ने,

(ठ) सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया देहाय बमोजिम र निजी लगानीका विद्यालय मा सामान्यता प्रतिकक्षा कम्तीमा बाईस जना देखि बढीमा चौबालीस जना सम्म र औसतमा तेत्तीस जना विद्यार्थी हुनुपर्नेछ।

(ड) सामुदायिक विद्यालयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनुपर्नेः – माध्यमिक तहको ०–१० कक्षाका लागि – १४ जना

माध्यमिक तहको ०–१२ कक्षाका लागि – १५ जना

आधारभूत तहको ०–८ कक्षाका लागि – ९ जना

आधारभूत तहको ०–५ कक्षाको लागि –५ जना

प्रारम्भिक बालबिकास केन्द्रको लागि – २ जना

(ढ) विद्यालयको आय स्रोत खुलाउनु पर्ने,

(ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनुपर्ने,

(त) आवासीय विद्यालयको लागि आवास भवन हुनुपर्ने,

(थ) विद्यालयको हाता पर्खाल वा बारले घेरिएको हुनुपर्ने,

(द) भाडाको भवनमा विद्यालयको सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्ष घर भाडा सम्बन्धी सम्झौता भएको हुनुपर्ने।

(ध) विद्यालयमा बालमैत्री अपाङ्गता मैत्री तथा वातावरण मैत्री हुनुपर्ने।

## अनुसूची–३

(दफा ५ को उपदफा (१) र (३) सँग सम्बन्धित)

**विद्यालय सञ्चालन गर्न दिइने अनुमति**

श्री.............................

................................।

विद्यालय खोल्ने सम्बन्धमा मिति............................मा प्राप्त निवेदन उपर कारबाही हुँदा विद्यालय शिक्षा ऐन, २०८२ को दफा ........... बमोजिमको पूर्वाधार पूरा गरेको देखिएकोले शैक्षिक सत्र .................. देखि आधारभूत रमाध्यमिक तहको ............कक्षासम्मको सामुदायीक र शैक्षिक गुठी विद्यालय सञ्चालन गर्न यो अनुमति दिइएको छ।

कार्यालयको छाप

अनुमति प्रदान गर्ने अधिकारीको, –

सहीः मितिः

नामः

पदः

# अनुसूची–४

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**विद्यालयको स्वीकृतिको लागि दिइने निवेदन**

श्री नगर शिक्षा अधिकारी ज्यू,

बुढानीलकण्ठ नगरपालिकाको कार्यालय,

बागमती प्रदेश, नेपाल।

**विषयः विद्यालयको स्वीकृति सम्बन्धमा।**

नगर शिक्षा समितिको मिति ................. को निर्णयानुसार अनुमति प्राप्त गरी सञ्चालनमा रहेको यस विद्यालयको स्वीकृति पाउन निम्न विवरणहरू खुलाई यो निवेदन पेश गरेको छु।

(क) विद्यालयकोः

१. नामः ..........

२. ठेगानाः बुढानीलकण्ठ नगरपालिका, .......... वडा नं. ..... गाउँ र टोल ........... फोन नं. ........ .... फ्याक्स नं. ...........

३. अनुमति प्राप्त गरेको तह र मितिः

आधारभूत तह मितिः ...............

माध्यमिक तह मितिः ...........

(ख) विद्यालयको भौतिक अवस्थाः

१. भवनकोः

(१) संख्याः (२) कच्ची/पक्की/अर्धपक्कीः

(३) आफ्नै/बहालमा/सार्वजनिक

२. कोठाको विवरणः

३. फर्निचरको संख्याः

(१)डेक्स (२) बेञ्च (३) टेबुल (४) दराज (५) मेच (६ ) अन्य

४. खेलकुद मैदानको अवस्था र जग्गा (रोपनी वा विगाहामा)

५. शौचालयको संख्याः महिला/पुरुष

६ . खानेपानीको अवस्थाः

७. पुस्तकालयको अवस्थाः

८. प्रयोगशालाको अवस्थाः

९.सवारी साधनको विवरणः

१०. शैक्षिक सामग्रीको विवरणः

(ग) विद्यार्थी संख्याः (कक्षागत रूपमा) प्रस्तावितः

(घ) शिक्षकको संख्याः

(ङ) आर्थिक स्थितिः

१. अचल सम्पत्ति

२. चल सम्पत्ति

३. वार्षिक आम्दानी

४. आम्दानीको स्रोत

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको–

विद्यालयको छाप

सहीः नामः

ठेगानाः

मितिः

# अनुसूची–५

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**विद्यालयको स्वीकृति**

श्री......................विद्यालय,

...............................।

त्यस विद्यालयबाट मिति................................मा विद्यालय स्वीकृत गर्ने सम्बन्धमा दिइएको निवेदन उपर कारबाही हुँदा विद्यालय शिक्षा ऐनको, ......... को दफा ... बमोजिमका शर्तहरू पालन गरेको देखिएकोले कक्षा.........देखि कक्षा.........सम्म शिक्षा प्रदान गर्न स्वीकृति प्रदान गरिएको छ।

कार्यालयको छाप

स्वीकृति प्रदान गर्ने अधिकारीको, –

सहीः

नामः

पदः

मितिः

# अनुसूची–६

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**मुनाफा नलिने गरी विद्यालय सञ्चालन गर्न पूरा गर्नुपर्ने पूर्वाधार**

१. प्रति कक्षा न्यूनतम ११ जना विद्यार्थी हुनुपर्ने

२. विद्यार्थीलाई आवश्यक पर्ने कक्षा कोठा, फर्निचर, पिउने पानी, खेल मैदान तथा पुस्तकालयको पर्याप्त व्यवस्था भएको हुनुपर्ने,

३. आवश्यक शिक्षकको व्यवस्था भएको हुनुपर्ने,

४. पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे बमोजिमका सिकाइ उपलब्धिहरू पूरा हुने गरी विद्यालय शिक्षण सिकाइ कार्यक्रमको तर्जुमा गरिएको हुनुपर्ने,

५. मन्त्रालयले तोके बमोजिम अन्य पूर्वाधार पूरा भएको हुनुपर्ने।

## अनुसूची–७

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**कम्पनी अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अर्न्तगत सञ्चालन गर्न दिइने निवेदन**

श्री नगर शिक्षा अधिकारी ज्यू,

बुढानीलकण्ठ नगरपालिकाको कार्यालय,

बागमती प्रदेश नेपाल।

विषयः शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न पाउँ।

मैले / हामीले निम्न विद्यालय कम्पनी अन्तर्गत सञ्चालन गरेकोमा सो विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहेकोले देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौ।

१.विद्यालयकोः

(क) नामः

(ख) ठेगाना.................. नगरपालिका वडा नं .....................

२. विद्यालय सञ्चालन भएको मितिः

३. निजी वा सार्वजनिक कुन शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न चाहेको हो ? सो व्यहोराः

४. अन्य आवश्यक कुराहरूः

माथि लेखिएका विवरणहरू ठीक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाँउला।

निवेदककोः

सहीः नामः

ठेगानाः मितिः

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरूः

(१) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न आपत्ति नभएको कम्पनी रजिष्टारको कार्यालयको पत्र।

(२) कम्पनीका सञ्चालक तथा व्यवस्थापन समितिको निर्णय।

(३) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि।

(४) प्रस्तावित शैक्षिक गुठीको विधान।

(५) निवेदकको नागरिकताको प्रतिलिपि।

## अनुसूची–८

(दफा १० को उपदफा (४) सँग सम्बन्धित)

**कम्पनी अर्न्तगत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अर्न्तगत सञ्चालन गर्न दिइने स्वीकृति**

श्री .....................विद्यालय

......................................।

**विषयः शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न स्वीकृति दिइएको सम्बन्धमा।**

त्यस विद्यालयले मिति...................... मा शैक्षिक गुठी ( सार्वजनिकर निजी ) अन्तर्गत सञ्चालन गर्ने स्वीकृतिको लागि दिएको निवेदन उपर कारवाही हुँदा यस नगर शिक्षा समितिको मिति .................. को निर्णयानुसार त्यस विद्यालयलाई शैक्षिक गुठी ( सार्वजनिक / निजी ) को रुपमा सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ।

कार्यालयको छापः स्वीकृति प्रदान गर्ने अधिकारीको, –

सहीः

नामः

पदः

कार्यालयः

मितिः

# अनुसूची–९

(दफा ३८ को उपदफा (१) सँग सम्बन्धित)

**प्रारम्भिक बाल शिक्षा वा नर्सरी केन्द्र सञ्चालनका लागि दिइने निवेदन**

श्री नगर शिक्षा अधिकारी ज्यू,

बुढानीलकण्ठ नगरपालिकाको कार्यालय,

बागमती प्रदेश, नेपाल।

विषयः प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाऊँ।

शैक्षिक सत्र................देखि प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदायरविद्यालय व्यवस्थापन समितिको मिति...................को निर्णयानुसार देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छुर छौं।

(क) प्रस्तावित प्रारम्भिक बाल शिक्षा केन्द्रको, –

(१) नामः

(२) ठेगानाः बुढानीलकण्ठ नगरपालिका, .................... वडा नं. ......................... टोल..................... फोन नं..........

(३) सेवा पुऱ्याइने बालबालिकाको संख्याः

(ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आबद्धता दिने विद्यालयको, –

(१) नामः – (२) ठेगानाः – (३) फोन न.

(ग) प्रस्तावित प्रारम्भिक बाल शिक्षा केन्द्रको भौतिक पूर्वाधारहरूः

(१) भवनः (अ) कोठा (आ) कच्ची वा पक्की

(इ) स्वामित्व : भाडा / आफ्नै / सार्वजनिक

(२) फर्निचरको विवरणः (अ) मेच (आ) टेवुल (इ) वेञ्चरडेस्क

(३) खेलकुद मैदान र त्यसको क्षेत्रफलः (अ) आफ्नै (आ) भाडामा वा सार्वजनिक (इ) अन्य

(४) शौचालयको अवस्थाः (अ) संख्या (आ) कच्चीरपक्की (इ) पानीको व्यवस्था भए नभएको

(५) खानेपानीको अवस्थाः (अ) जार वा बोत्तलबाट ल्याउने (आ) धाराबाट प्राप्त (इ) पर्याप्त/अपर्याप्त

(६) पाठ्यसामग्रीको नाम र संख्याः

(७) आर्थिक विवरणः (अ) अचल सम्पत्ति (आ) चल सम्पत्ति (इ) अन्य

(८) आम्दानीको स्रोत :

(९) अन्य कुनै विवरण भए उल्लेख गर्नेः

माथि लेखिएको विवरण ठीक छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला।

निवेदकको, –

संस्थाको छाप सहीः नामः – ठेगानाः मितिः –

संलग्न कागजातः (१) भवन खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण।

(२) संस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र कानूनबमोजिमको नवीकरण र लेखापरीक्षण प्रतिवेदन।

(३) आपसी सहयोग समूहबाट निवेदन गरिएको भए त्यस्तो समूहको वैठकको निर्णय।

(४) कुनै विद्यालयसँग आवद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो विद्यालयको सिफारिस।

## अनुसूची–१०

(दफा ३८ को उपदफा (२) सँग सम्बन्धित)

**प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न दिइने अनुमति**

श्री.............................

...............................।

**विषयः प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न दिइएको अनुमति ।**

तपाईँले त्यस विद्यालय र संस्थाले प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्ने सम्बन्धमा यस बुढानीलकण्ठ नगरपालिका, कार्यपालिकाको कार्यालयमा दिनु भएको निवेदन उपर कारबाही हुँदा विद्यालय शिक्षा ऐन, २०८२ बमोजिम पूर्वाधार पूरा गरेको र यस नगर कार्यपालिकाको नक्साङ्कनमा परेकोले शैक्षिकसत्र..................देखि प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ।

अनुमति प्रदान गर्ने अधिकारीको, –

कार्यालयको छाप सहीः

नामः

पदः

मितिः

# अनुसूची–११

(दफा ५० को उपदफा (३) सँग सम्बन्धित)

**विद्यालय विकास प्रस्तावको नमुना**

१. विद्यालयलको वर्तमान शैक्षिक र आर्थिक अवस्था,

२. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि,

३. वर्तमान अवस्था र अपेक्षित उपलब्धीका सूचक अन्तर,

४. अपेक्षित उपलब्धि हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना,

५. कार्य योजनाका मूल्याङ्कनका सूचकहरू ।

## अनुसूची–१२

(दफा ५६ को उपदफा (२) सँग सम्बन्धित)

**विद्यालयमा रहने शिक्षक दरबन्दी**

विद्यालयमा कम्तीमा देहाय बमोजिम शिक्षक दरबन्दी रहनेछन्ः

(क) प्रारम्भिक बाल शिक्षा वा नर्सरीदेखि पाँच कक्षा सञ्चालन भएको विद्यालयमा पचास जनासम्म विद्यार्थी भएमा कम्तीमा चार जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा छ जना शिक्षक।

(ख) आधारभूत तहको विद्यालयमाः प्रारम्भिक बाल शिक्षा वा नर्सरीदेखि आठ कक्षा सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा नौ जना शिक्षकः

(१) अंग्रेजी मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको _ एकजना

(२) विज्ञान वा गणित मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको _ एकजना

(३) नेपाली वा संस्कृत मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको _ एकजना

(४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातक तह वा सो सरह उत्तीर्ण गरेको _ एकजना

(५) प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको _ चार जना

(६) साविकको एस.एल. सी. वा सो सरह उत्तीर्ण गरेको _एक जना।

(ग) माध्यमिक विद्यालयमाः

१. कक्षा ९ देखि कक्षा १० सम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तहको ५ जना शिक्षकः –

(१) अंग्रेजी मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको _ एकजना

(२) गणित वा विज्ञान मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको _एकजना

(३) नेपाली मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको _ एकजना

(४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको _एकजना

(५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धीत विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको _एक जना।

२. कक्षा ९ देखि कक्षा १२ सम्मसञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा ९ जना शिक्षकः

(१) अंग्रेजी मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको _एकजना

(२) गणित मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको _एकजना

(३) नेपाली मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको _एकजना

(४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको _एकजना

(५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धीत विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको _दुईजना

(६) विज्ञान मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको _एकजना

(७) अन्य विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको _दुईजना।

३. प्रारम्भिक बाल शिक्षा देखि दश कक्षासम्म सञ्चालन भएको विद्यालयमा खण्ड (ख) र खण्ड (ग) को उपखण्ड (१) बमोजिमको दरबन्दी रहनेछ।

४. प्रारम्भिक बाल शिक्षा देखि बाह्र कक्षासम्म सञ्चालन भएको विद्यालयमा खण्ड (ख) र खण्ड (ग) को क्रमसंख्या (२) बमोजिमको दरबन्दी रहनेछ।

द्रष्टव्यः (१) खण्ड (ख) को क्रमसंख्या (१) देखि (४) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन।

(२) खण्ड (ग) को उफखण्ड १ को क्रमसंख्या (१) देखि (४) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन।

(३) खण्ड (ग) को उफखण्ड २ को क्रमसंख्या (१) देखि (७) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन।

(४) शिक्षक नियुक्तिको लागि आवश्यक पर्ने तालीम प्रचलित कानून बमोजिम हुनेछ।

(५) हाल विद्यालयमा उपरोक्तानुसारका विषयका योग्यता भन्दा कम योग्यता भएका स्थायी शिक्षक रहेछन् भने त्यस्ता शिक्षक पदबाट नहटेसम्म साविक बमोजिमकै योग्यता भएका शिक्षकवाट अध्यापन हुने।

(६) उल्लिखित दरबन्दी भित्र प्रधानाध्यापकको पद समेत समावेश रहनेछ।

## अनुसूची–१३

(दफा ५७ को उपदफा (१) सँग सम्बन्धित)

### सरुवा हुन दिइने निवेदन

श्री नगर शिक्षा अधिकारी ज्यू,

बुढानीलकण्ठ नगरपालिकाको कार्यालय,

बागमती प्रदेश, नेपाल।

**विषयः सरुवा सम्बन्धमा।**

मलाई तपसिलबमोजिम उल्लिखित विद्यालयमा सरुवा गरिदिनु हुन निम्न विवरणहरू खुलाई निवेदन गरेको छु।

शिक्षकको नाम, थरः स्थायी ठेगानाः तह र श्रेणीः

हाल कार्यरत विद्यालयको नाम र ठेगानाः

सरुवा भई जान चाहेको विद्यालयको नाम र ठेगानाः

योग्यता र तालिमः स्थायी नियुक्ति मितिः

हालको जिल्लामा काम गरेको अवधिः सरुवा माग गर्नुपर्ने कारणः

निवेदकको–

सहीः

नामः

कार्यरत विद्यालयः

मितिः

(१) सरुवा भई जाने विद्यालयको व्यवस्थापन समितिको सहमति

(क) यस विद्यालयका शिक्षक श्री ..................................... लाई व्यवस्थापन समितिको मिति .......................... को निर्णय अनुसार यस विद्यालयबाट सरुवा भई जान सहमति दिइएको छ।

विद्यालयको छाप व्यवस्थापन समितिको अध्यक्षको–

सहीः

नामः

विद्यालयः

मितिः

(ख) बुढानीलकण्ठ नगरपालिका. अन्तर्गतको ....................... विद्यालयका शिक्षक श्री ..................................... लाई सो विद्यालयबाट सरुवा भई जान सहमति दिईएको छ।

कार्यालयको छाप कार्यकारी अधिकृत

सहीः

नामः

मितिः

(२ ) सरुवा भई आउने विद्यालयको व्यवस्थापन समिति तथा शिक्षा शाखाको सहमति

(क) .............................. विद्यालयका शिक्षक श्री .................................. लाई व्यवस्थापन समितिको मिति ....................... को निर्णय अनुसार यस विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ।

विद्यालयको छाप व्यवस्थापन समितिको अध्यक्षको–

सहीः

नामः

मितिः

विद्यालयः

(ख) .............................. विद्यालयका शिक्षक श्री .................................. लाई यस गाउँपालिका वा नगरपालिकाको ............... विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ।

नगर शिक्षा अधिकारीको–

सहीः

नामः

कार्यालयको छाप मितिः

## अनुसूची–१४

(दफा ५८ को उपदफा (२) सँग सम्बन्धित)

**रमाना पत्र**

पत्रसंख्याः

च.नंः मितिः

श्री ....................

............................।

त्यस विद्यालयमा सरुवा हुनु भएका श्री .........................................लाई निजको विवरण सहितको रमाना पत्र दिई त्यस विद्यालयमा हाजिर हुन पठाइएको व्यहोरा अनुरोध गर्दछु।

१. शिक्षक वा कर्मचारीको नाम, थरः

२. संकेत नम्बरः

३. साविकः

(क) तहः (ख) श्रेणीः (ग) पदः

(घ) शिक्षक भए विषयः (ङ) विद्यालयः

४. सरुवा भएको (क) निर्णाय मितिः (ख) सरुवा गर्ने कार्यालयः (ग) तहः (घ) श्रेणीः (ङ) पदः (च) विषय (छ) विद्यालयः

५. बरबुझारथ सम्बन्धी विवरणः

गरेको नगरेको

६ . रमाना हुने मितिः ....................

७. रमाना पत्रको मिति सम्म खर्च भएका बिदाः

(क) भैपरी आउने र पर्व बिदा ................. दिन।

(ख) बिरामी बिदा ................. दिन।

(ग) प्रसुती बिदा बिदा ................. दिन।

(घ) प्रसुती स्याहार बिदा ................. पटक।

(ङ) अध्ययन बिदा ................. दिन।

(च) असाधाराण बिदा ................. दिन।

(छ) वेतलबी बिदा ................. दिन।

८. रमाना पत्रको मितिसम्म सञ्चित बिरामी बिदाः ................. दिन।

९. विद्यालयमा रुजु हाजिर भएको दिनः

१०. खाइपाई आएको मासिक (क) तलबः (ख) वृद्धि रु. तलबः

११. तलब भुक्तानी लिएको अन्तिम मितिः

१२. कर्मचारी सञ्चयकोष कट्टी रकमः

१३ भुक्तानी लिएको उपचार खर्चको रकमः मितिः

१४. तलबवृद्धि हुन सुरु भएको सुरु मितिः

१५. नागरिक लगानी कोष कट्टी रकमः

१६ . आयकर कट्टी रकमः

१७. (क) सावधिक जीवन बीमा कोषमा जम्मा भएको साल........महिना...... .गते....

(ख) सावधिक जीवन बीमावापत वार्षिक प्रिमियम तिरेके साल.....महिना... गते ....

१८. चाडपर्व खर्च लिने चाडको नाम र सो चाड पर्ने तिथि र सम्भावित महिनाः

१९. शिशुस्याहार भत्ता लिएको विवरणः

बोधार्थः

श्री विद्यालय शिक्षक किताबखाना।

श्री कर्मचारी सञ्चयकोष।

श्री .......... विद्यालय।

श्री .....................(सम्बन्धीत शिक्षक वा कर्मचारी) सरुवा भएको कार्यालयमा हाजिर हुन जानु हुन।

बुढानीलकण्ठ नगरपालिकाको १७ औं नगरसभाबाट पारित यो विधेयक स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ को उपदफा (१) बमोजिम प्रमाणीकरण गर्दछु ।

...........................
मिठाराम अधिकारी
**प्रमुख**

मिति : २०८२।१०।०४